म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १६१ मंगलबार, ८ माघ २०८१ ने. सं. ११४५ पोहेलागा 21 January 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**वायु प्रदुषणबाट बचौ र बचाऔ**

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घर वाहिर निस्कँदा मास्ककौं प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख विरुवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलवाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विकासमा गतिहीन सरकार, आधावर्षमा १६ प्रतिशत बजेट खर्च

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ बिगतका सरकार जस्तै अहिलेको बागमती प्रदेश सरकार पनि विकास बजेट खर्च गर्नका लागि असार महिना कुरेको छ । विशेषगरी जेठ र असार महिनामा तीनै तहका सरकारको बजेट खर्च अत्यधिक हुने गरेको छ ।

बागमती प्रदेशका १४ मन्त्रालय पनि विकास बजेट खर्च गर्नका लागि असार महिना कुरिरहेका छन् । अहिले सम्मको बजेटखर्च अत्यन्तै निराशाजनक छ । चालु आर्थिक वर्षको छ महिना वितिसक्दा पनि प्रदेश सरकारले बजेट खर्च गर्न नसकेको हो । प्रदेशका मन्त्री र सचिव आफ्नो जिल्लामा साना कार्यक्रमका अतिथि बन्ने होड र काठमाडौं केन्द्रित हुँदा धेरै समस्या भएको छ । मन्त्रालयका सचिव र महासाखा प्रमुखको हालत पनि उस्तै छ । घर गएर बस्ने अनी मन्त्रालयबाट दैनिक भ्रमणभत्ता लिएर काममा छु भन्ने परिपाटीले गर्दा थप समस्या भएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको छ महिनामा १६ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । पुससम्ममा कुल बजेटको करिब १६ दशमलव २७ प्रतिशत मात्र खर्च भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सूचना अधिकारी सुरज पौडेलले जानकारी दिए ।

चालु आवका लागि प्रदेश सरकारले ६४ अर्ब ५४ करोड चार लाख ३१ हजारको बजेट ल्याएकोमा पुससम्म १० अर्ब ५० करोड २९ लाख नौ हजार खर्च भएको छ । चालुको तुलनामा पुँजीगतखर्च कम भएको पौडेलको भनाइ छ । विनियोजित बजेटमध्ये



सबैभन्दा बढी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयले ४१ दशमलव ५६ प्रतिशत, प्रदेशसभा सचिवालयले २८ दशमलव ३६ प्रतिशत बजेटखर्च गरेको छ । सबैभन्दा कम पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयले चार दशमलव छ प्रतिशत बजेटखर्च गरेको मन्त्रालयले जनाएको छ ।

प्रदेश सरकार चालु आर्थिक वर्ष २०८१/८२ को बजेट खर्चमा मात्र कमजोर देखिएको होइन, बिगतका दिनमा पनि यस्तै हुने गरेको थियो । प्रदेश सरकारले चालु आवका लागि गत असार १ गते ल्याएको बजेटअनुसार पहिलो छ महिनामा १६ प्रतिशत मात्र खर्च गरेको छ । चालु आवका लागि विनियोजित कुल ६४ अर्ब ५४ करोड चार लाख ४१ हजार रुपैयाँमध्ये गत साउनदेखि पुस मसान्तसम्ममा १६.२७ प्रतिशत खर्च भएको हो । प्रदेश सरकारले चालु आवका लागि चालुतर्फ २५ अर्ब ९४ करोड ९१ लाख ८२ हजार रुपैयाँ, पुँजीगततर्फ ३७ अर्ब नौ करोड १२ लाख ४९ हजार र वित्तीय व्यवस्थातर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको थियो । चालु आवको बजेटखर्च गत आवको अनुपातमा कमखर्च भएको छ । गत आवमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँको बजेट रहेकोमा पहिलो छ महिनाको अवधिमा १६.९८ प्रतिशत अर्थात् १० अर्ब ६४ करोड ८० लाख एक हजार ४४४ रुपैयाँ खर्च भएको थियो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव कृष्ण मैनालीले चालु आवको पहिलो छ महिनाको खर्च अपेक्षा अनुसार नभएको स्वीकार गर्दै भौत्तिक प्रगति भएपनि भुक्तानी नगएका कारण वित्तीय प्रगति कम भएको हुन सक्ने दाबी गरे । उनले चालु आवका पुँजीगत खर्चको बजेटको ठेक्का लगाउन थालेको र काम भएर भुक्तानी हुँदा वित्तीय प्रगति बढ्ने बताउँदै बहुवर्षीय ठेक्काको भुक्तानी गएपछि पुँजीगत खर्च वृद्धि हुने जानकारी दिए । चालु आवको वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट चालु आवको पहिलो छ महिनाको अवधिको खर्चको अवस्था शून्य रहेको छ । मन्त्रालयद्वारा सार्वजनिक चालु आवको अर्धवार्षिक वित्तीय प्रगतिविवरणअनुसार विनियोजित बजेटमा पहिलो छ महिनाको अवधिमा विगतका वर्षमा जस्तै पुँजीगतको तुलनामा चालुतर्फको शीर्षकको बजेट बढी प्रतिशतले खर्च भएको तथ्यांक छ ।

पुस मसान्तसम्म चालुतर्फ विनियोजित बजेटमा २५.७२ प्रतिशत अर्थात् छ अर्ब ६७ करोड ४७ लाख ९१ हजार रुपैयाँ र पुँजीगततर्फ १०.३२ प्रतिशत अर्थात् तीन अर्ब ८२ करोड ८१ लाख १८ हजार रुपैयाँ खर्च भएको छ । प्रदेशमा सबैभन्दा बढी विकास बजेट विनियोजन भएको भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च पनि समीक्षा अवधिमा सन्तोषजनक छैन । विनियोजित बजेटको चालुतर्फको ३१.४२ प्रतिशत अर्थात् १३ करोड ८१ लाख ३२ हजार ७७५ र पुँजीगततर्फ दुई अर्ब ७१ करोड ६१ लाख २८ हजार रुपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ । यसै गरी प्रदेश सभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र अर्थ विविधि शीर्षकमा विनियोजन भएको पुँजीगततर्फको बजेट खर्चको अवस्था मन्त्रालयद्वारा सार्वजनिक अर्धवार्षिक वित्तीय प्रगति विवरण अनुसार शून्य रहेको छ । स्थानीय तहका लागि विनियोजन गरिएको सात अर्ब ६५ करोड ४६ लाख ९६ हजार रुपैयाँमा हालसम्ममा ४०.२७ प्रतिशत बराबरको रकम निकासा भएको छ ।

प्रतिशतका आधारमा हालसम्म बढी प्रतिशत बजेटखर्च गर्नेमा मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश व्यवस्थापिका, प्रदेश लोकसेवा आयोग, स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र प्रदेश नीति तथा योजना आयोग रहेका छन् । अर्धवार्षिक वित्तीय प्रगति विवरण अनुसार यी मन्त्रालय, आयोग र कार्यालयले २० प्रतिशतभन्दा बढी र करिब ४२ प्रतिशत खर्च गरेका छन् । सबैभन्दा कम बजेटखर्च गर्नेमा पर्यटन तथा संस्कृति मन्त्रालय रहेको छ । यो मन्त्रालयको दुई अर्ब ४६ करोड दुई लाख १६ हजार रुपैयाँ बजेट रहेकोमा यस अवधिमा ४.०६ प्रतिशत अर्थात् नौ करोड ९८ लाख सात हजार रुपैयाँ मात्र खर्च भएको छ । बागमती प्रदेशमा हरेकजसो आवमा चैतसम्म धिमागतिमा बजेटखर्च हुने र आवको अन्तिम तीन महिना कुल बजेटको आधाभन्दा बढी बजेटखर्च हुने प्रवृत्तिले निरन्तरता पाउँदै आएको छ ।

## बागमती प्रदेशका १३७ सहकारी संस्थाविरुद्ध उजुरी




साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ बागमती प्रदेशमा समस्याग्रस्त सहकारीको संख्या बढ्दै गएपछि बागमती प्रदेश सरकारले थप तीनवटा सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरेको छ ।

योसँगै बागमती प्रदेशमा समस्याग्रस्त घोषणा हुने सहकारीको संख्या पाँच पुगेको छ । प्रदेश सरकारको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयअन्तर्गतको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार राजन पोखरेलका अनुसार पछिल्लोपटक सुमेरु सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ पुलचोक ललितपुर, लालीगुराँस बचत तथा ऋण सहकारी संस्था काठमाडौं र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था काठमाडौंलाई समस्याग्रस्त घोषणा गरेको हो ।

वित्तीय दायित्व पूरा नगरेको, बचतकर्ताको बचत मागगर्दा फिर्ता नगरेको, बचतफिर्ता गर्ने कार्ययोजना बनाएर पनि कार्ययोजनाअनुसार काम नगरेको लगायत कारणले ती सहकारी संस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरिएको रजिष्ट्रार पोखरेलले बताए । समस्याग्रस्त घोषणा गरि एकामध्ये लालीगुराँस बचत तथा ऋण सहकारी संस्था र नेसनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्थामा तालाबन्दी गरिएको रजिष्ट्रार पोखरेलको भनाइ छ ।

यसअघि प्रदेश सरकारले काठमाडौंको सिभिल सेभिङ एन्ड क्रेडिट कोअपरेटिभ र काठमाडौंको कीर्तिपुरस्थित दर्शन बचत तथा ऋण सहकारी सस्थालाई समस्याग्रस्त सहकारी घोषणा गरेको थियो । दर्शन सहकारीलाई यही कात्तिक १२ गते र सिभिललाई गत २०८० साल भदौ २१ गते समस्याग्रस्त घोषणा गरेको रजिष्ट्रार पोखरेलले बताए । बचत गरेको रकम फिर्ता नगरेको भन्दै बचतकर्ताले प्रदेशभरिका एक सय ३७ भन्दा बढी सहकारी संस्थाविरुद्ध उजुरी दर्ता भएको र दर्ता भएका उजुरीमाथि छानबीन भइरहेको र जिष्ट्रार पोखरेलले बताए ।

उनका अनुसार तीमध्ये ८० वटा सहकारी संस्थाका सञ्चालकमाथि कारबाही गर्न प्रहरी कार्यालयमा पत्राचार गरिएको छ । बचतकर्ताको रकम फिर्ता नगर्ने, समस्या समाधानका लागि पत्राचार गर्दा पनि सम्पर्क नआउने सहकारी संस्थाका सञ्चालकमाथि कारबाही अघि बढाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पत्राचार गरिएको रजिष्ट्रार पोखरेलको दाबी छ । उनका अनुसार कारबाहीका लागि प्रहरी कार्यालयमा पत्राचार गरिएका अधिकांश सहकारी संस्था उपत्यकाभित्रका तीन जिल्लाका छन् ।

'बचत गरेको रकम फिर्ता नपाएको भन्दै पीडितले दिएको निवेदनका आधारमा हामीले सम्बन्धित सहकारी संस्थाका सञ्चालकलाई पत्राचार गर्‍यौं', रजिष्ट्रार पोखरेलले भने, 'तीमध्ये धेरै सहकारीका सञ्चालकहरु सम्पर्कमा आउनै चाहेनन्, कतिपय सम्पर्कमा आएपनि रकम फिर्तागर्न आलटाल गर्ने गरेको छ । त्यसैले कारबाहीका लागि सम्बन्धित जिल्लाको प्रहरी कार्यालयमा पत्राचार गरेका छौं ।'

## मकवानपुर प्रशासनको अर्धवार्षिक प्रगति विवरण सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/जिल्ला प्रशासन कार्यालय मकवानपुरले अर्धवार्षिक प्रगति विवरण सार्वजनिक गरेको छ । कार्यालयले सोमबार पत्रकार भेटघाट आयोजना गर्दै चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मको अवधिमा सम्पन्न गरेका काम कारवाहीको विषयमा जानकारी गराएको हो ।

६ महिनाको अवधिमा द्वन्द्वपीडितको नामावली अद्यावधिक गरी १२ जना घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई जम्मा ४ लाख ५५ हजार चार सय जीवननिर्वाहभत्ता उपलब्ध गराइएको सहायक प्रमुख जिल्ला अधिकारी धोलकराज ढकालले जानकारी गराए । गतवर्षबाट जिम्मेवारी सरेर आएका ८७ दशमलव ५७ प्रतिशत र यस आर्थिक वर्षको ७५ प्रतिशत मुद्दा फछ्र्यौट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी ढकालले बताए ।

चालू आर्थिक वषको हालसम्म राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट ११ हजार राष्ट्रिय परिचयपत्र कार्ड छापिएर आएकोमा ७ हजार ५ सय ९० वटा वितरण गरिएको उनले बताए । यसअवधिमा ५ हजार ५ सय ९०



जनाले वंशजका आधारमा नागरिकता लिएका छन् । ४ जनाले वैवाहिक अंगिकृत नागरिकता लिएका छन् भने १३ जना गैरआवासीयले नागरिकता पाएका छन् । कार्यालयले ३९ पटक गरेको बजार अनुगमन गरेको प्रतिवेदनमा उल्लेख छ ।

असोज ११ र १२ गतेको विपद्बाट प्रभावितलाई हालसम्म ४३ लाख ४० हजार राहत प्रदान गरिनुका साथै संकटग्रस्त क्षेत्र घोषणा भएका इन्द्रसरोवर गाउँपालिकाको लागि ७५ लाख, बकैया र भीमफेदीको लागि ५०/५० लाख राहत तथा पुनर्स्थापनाका लागि पठाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका नवनिर्वाचित समितिलाई प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले सम्मान तथा बधाईज्ञापन गरेका थिए । जिल्लाको शान्तिसुरक्षा तथा अपराध नियन्त्रणमा कार्यालयले एकीकृत सुरक्षा योजना र क्षेत्रगत विशेष सुरक्षा योजना तर्जुमा गरी शान्तिसुरक्षाको भरपर्दो व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी चिलुवालले बताए ।

## मउवा संघको वरिष्ठउपाध्यक्षमा उप्रेती, सल्लाहकारमा आठजना

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुर उद्योग वाणिज्य संघको सोमबार बसेको कार्यसमिति बैठकले वरिष्ठउपाध्यक्ष तोक्नेदेखि सल्लाहकारमा ८ जनालाई मनोनित गरेको छ ।

संघको सल्लाहकारमा ८ जना मनोनित भएका छन् । जसमा आनन्दराम पराजुली, सरोज खनाल, सन्तोषकुमार अर्याल, नरेन्द्र भण्डारी, नरोत्तम दाहाल, हीरालाल श्रेष्ठ, बालगोपाल कंडेल र ईन्द्र नेपाल रहेका छन् । मकवानपुर उद्योग वाणिज्य संघको वरिष्ठ उपाध्यक्षमा दीपक उप्रेती चयन भएका छन् । कार्यकालको आधारमा वरिष्ठउपाध्यक्ष चयन हुने प्रावधान रहेको छ । उपाध्यक्षको वरिष्ठता समेत तोकिएको छ ।

संघको अध्यक्ष सल्लाहकारमा विष्णुहरि पण्डित र महिला सभापतिमा सीतादेवी भेटवाल चयन भएको महासचिव प्रतिमा श्रेष्ठले जानकारी दिइन् । तर, महिला सभापतिको विषयमा बैठकमा विवाद भएको थियो । महिला सभापति बरिष्ठताको आधारमा निलम पाण्डे हुनुपर्ने भएपनि त्यसलाई पूर्णरुपमा बेवास्ता गर्दै नयाँ कार्यसमिति अगाडि बढेको आरोप लगाइएको छ ।

संघको एशोसियटतर्फको सचिवमा बराबर मत प्राप्त गरेका नेत्रप्रसाद खतिवडा र राजाराम कार्कीले आधा आधा कार्यकाल पदमा रहेर काम गर्ने भएका छन् । डेढ वर्ष खतिवडाले बाँकी कार्यकाल कार्कीले सचिवको रुपमा काम गर्ने सहमति भएको छ ।

संघको पहिलो कार्यसमिति बैठकले कृष्णप्रसाद घिमिरेलाई कार्यसमिति सदस्यमा मनोनित गर्ने निर्णय गरेको छ । मनोनित सदस्यतर्फ महिला कोटाको एकजना बाँकी रहेको छ । पुषको २४ देखि २७ गतेसम्म भएको संघको ५४ औं साधारणसभा तथा अधिवेशनले रानाभाटको नेतृत्वमा ३ वर्षीय कार्यकालका लागि नयाँ कार्यसमिति चयन गरेको थियो । रानाभाटले अध्यक्षका अर्का उम्मेदवार अनिल अग्रवाललाई हराएका थिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जंकफुडबिरुद्ध किवानिज

अमेरिकामा करिव एकसय १० वर्ष अघि स्थापना भएको किवानिज क्लबले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तरगत नेपालमा नुनमा आयोडिन मिसाएर बिक्री गर्न सहजीकरण गरेको थियो । करिब ५ दसक अघि नुनमा आयोडिन मिसाउने प्रवन्ध गरेपछि 'गलगाँड' को समस्या समाधान भएको मानिन्छ । यो एउटा उदाहरण मात्र हो आयोडिनयुक्त नुनको । १८ वर्षमुनिका बालबालिकाको क्षेत्रमा काम गर्दै आएको किवानिज क्लबको शाखा नेपालमा स्थापना भएको करिब एक दसक मात्र बितेको छ । यो एक दसकमा बालबालिकाको क्षेत्रमा काम गर्ने क्रम सुरुवात भएको छ । विद्यालयमा अध्ययन गर्ने बालबालिकालाई पोषिलो खानेकुरा उपलब्ध गरउनका लागि अभिभावक र विद्यालय शिक्षकलाई अभिमूखीकरणको आवश्यकता रहेको भनै यो क्लबले आवाज उठाउन सुरुवात गरेको छ । १८ वर्षमुनिका बालबालिकाको क्षेत्रमा काम गर्दै आएको अन्तर्राष्ट्रिय संस्था किवानिज क्लव हेटौंडा शाखाले नुवाकोटको बेलकोटगढी नगरपालिका-१२ मदानपुरमा अर्गानिक पौष्टिकआहार सम्बन्धी २ दिने अभिमूखीकरण गरेको हो । बालबालिकाले घरमा खाने कुरा होस् वा विद्यालयमा खाने दिवाखाजा होस् पौष्टिकतत्व भएको र अर्गानिक हुनु जरुरी रहेको भन्दै अभिमूखीकरण सुरु गरिएको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यतामा कार्यक्रम सुरु भएको हो । मुख्यमन्त्री लामाले ग्रामीणक्षेत्रमा कार्यक्रम आयोजना गरेर बालबालिकाको क्षेत्रमा किवानिज क्लबले महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै खुशी व्यक्त गरे । पछिल्लो समय बालबालिकाले पत्रुखाना रुचाउने र अभिभावकले पनि सजिलोका लागि आफ्ना नानीबाबुलाई पत्रुखाना किनेर खान दिने गलत अभ्यास भइरहेको मुख्यमन्त्री लामाले बताए । बालबालिकालाई जंकफुडले दीर्घकालीन असर गरिरहेको कुरा आम अभिभावकलाई जानकारी नभएको हुनसक्छ । ग्रामीणक्षेत्रमा पाइने पोषिलो खानेकुरालाई बेवास्ता गर्ने र प्याकेजिङ गरिएको तर, मानवस्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुरालाई बालबालिकाले औधि मनपराउने गरेका छन् । कार्यक्रमको लागि नुवाकोट छनोट गर्नु र विषयबस्तु पनि बालबालिकाको लागि अर्गानिक पौष्टिक आहार छनोट गर्नु उदाहरणीय भएको बताइएको छ । बालबालिकाको स्वास्थ्यमा अभिभावक बढी सम्बेदनशील बन्न नसक्दा सानै उमेरमा बिभिन्न रोग लागिरहेकोले किवानिज क्लवले यस्तो कार्यक्रम संचालन गरेको बताइएको छ । विद्यालयमा उपलब्ध गराइने दिवाखाजालाई अभिभावकले दोहोरो फाइदा लिनसक्ने भन्दै स्थानीय उत्पादनले बालबालिकाको स्वास्थ्यमा पनि राम्रो प्रभाव पार्ने र दिवाखाजाको पैसा गाउँमै बस्ने अवस्था हुनसक्ने बताइएको छ । बजारबाट किनेर ल्याएको दिवाखाजा भन्दा गाउँघरमा पाइने अर्गानिक अन्न, गेडागुडी, फलफूल, कन्दमूल, तरकारीलाई विद्यालयमा दिवाखाजाको रुपमा प्रयोग गर्ने वातावरण बनाउनु आवश्यक छ । क्लवले १८ वर्ष मुनिका बालबालिकाको शिक्षा, स्वास्थ्य, खेलकुद एवम् नेतृत्व व्यक्तित्व विकास तथा वातावरण संरक्षणको क्षेत्रमा काम गर्दै आएको छ । कार्यक्रममा स्थानीय विद्यालयका प्रअहरु उपस्थित थिए ।

पोषणयुक्त खानेकुराका बारेमा बालबालिकालाई थाहा नहुन पनि सक्छ तर, यसमा अभिभावक र विद्यालयमा शिक्षकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका वा नगरपालिकामा दिवाखाजा कसरी उपलब्ध गराइएको छ ? भनेर बेलाबेलामा बहस गर्न सकियो भने पनि सुधार आउन सक्ने बताइएको छ । संघीय सरकारले दिवाखाजाबापत प्रतिविद्यार्थी विद्यालयमा उपस्थित भएको दिनमा १५ रुपैयाँका दरले पैसा उपलब्ध गराउने गरेको छ । त्यही १५ रुपैयाँको दिवाखाजा दिइने गरेका छन् । कार्यक्रममा ३५ जना विद्यार्थी तथा अभिभावक सहभागी थिए । बालबालिकालाई दिवाखाजको रुपमा दिइने खाजा पूर्णरुपमा स्थानीय र अर्गानिक बनाउनका लागि कार्यक्रमले जोड दिएको बताइएको छ । स्थानीय उत्पादनको प्रयोग गर्दा दिवाखाजाको पैसा बाहिर जान नपाउने भएकोले अर्गानिक र स्थानीय खानेकुरालाई उच्चप्राथमिकतामा राख्न सुझाव दिइएको छ । बालबालिकालाई जंकफुडको अभ्यासबाट बचाउनका लागि अभियान नै थालनी गर्नुपर्ने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ ९ गते बुधबार २२ जनवरी २०२५ । अष्टमी, माघ कृष्णपक्ष । पोहेलागा ११४५ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:३५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# ट्रम्प किन ग्रीनल्यान्डमा आँखा लगाउँदैछन् ?



✍ देवेन्द्र सुवेदी

ग्रीनल्याण्ड उत्तरी ध्रुवसँग जोडिएको युरोपेली राष्ट्र हो । यो आन् महासागर र आर्कटिक महासागरद्वारा घेरिएर रहेको छ र बाह्रै महिना हिउँले भरिपूर्ण रहन्छ । रोचक विषय के छ भने यो उत्तरी अमेरिकामा अवस्थित छ र विशिष्ट रासायनिक तथा खनिज पदार्थहरूले भरिपूर्ण रहेको तथ्यहरू सार्वजनिक भएका छन् । उत्तर अमेरिकी महादेशमा रहेतापनि यो एक युरोपेली देश हो यसको सामीप्य राजनीति र साँस्कृतिक रूपले समेत युरोप र युरोपेली युनियनसँग कायम छ । लामो समय यो देश नर्वे र पछि डेनमार्कबाट शासित रहिआएको छ । सन् १८१४ मा नर्वे र डेनमार्कको एकआपसबाट छुट्टिएसँगै यो टापु डेनमार्कको अधीनस्थ हुने गरी छाडियो । सन् १८५३ मा जारी डेनमार्कको संविधानले यो भूभागलाई डेनमार्कको भूमिको रूपमा उल्लेख गरेको छ ।

यही प्रावधानलाई टेकेर डेनमार्क सरकारले सन्१९७९ मा सम्पूर्ण ग्रीनल्याण्डवासीहरूलाई डेनमार्कको नागरिकता प्रदान गरेको छ भने ग्रीनल्याण्डलाई रक्षा र विदेश नीति आफूले हर्ने गरी सम्पूर्ण रूपमा स्वायत्तता प्रदान गरेको छ । सन् २००९ को परिवर्तनपछि त ग्रीनल्याण्ड एक किसिमले पूर्ण स्वायत्त छ भन्ने गरिन्छ तथापि उसको अन्तर्राष्ट्रिय वैधता डेनमार्कसँग सुरक्षित छ । हालसम्म पनि डेनमार्क सरकारले यहाँको नागरिकता, वित्त नीति, वैदेशिक मामिला र रक्षा सम्बन्धी कार्य गरिरहेको हुनाले ग्रीनल्याण्डलाई भुटान जस्तो बेग्लै राष्ट्रको मान्यता छैन । वर्षैभरि हिउँ पर्ने र जनजीवन अत्यन्तै कष्टकर रहेको हुनाले हालसम्म ग्रीनल्याण्ड माथि विश्वको स्वाभाविक रूपमा ज्यादै न्यून चासो थियो ।

यसको व्यवस्थापन र जनजीवन सरलीकरणका लागि डेनमार्क सरकारले करोडौं डलर प्रत्येक वर्ष अनुदानको रूपमा ग्रीनल्याण्डको सरकार र नागरिकलाई सहायता प्रदान गर्दै आइरहेको छ । ग्रीनल्याण्डको सार्वजनिक खर्चको ५० प्रतिशत डेनमार्कले व्यहोर्छ । जनसांख्यिक रूपले ज्यादै न्यून आवादी रहे पनि यहाँको प्रतिव्यक्ति आय उच्च छ । सन् २०२१ मा समग्र युरोपेली मुलुकहरूको औसत प्रतिव्यक्ति आयको झण्डै दोब्बर करीब ५७ हजार अमेरिकी डलर यहाँको प्रतिव्यक्ति आय रहेको देखिएको थियो । ठूलो भूगोल, न्यून जनसंख्या र कष्टकर दैनिकी बोकेर आर्कटिक क्षेत्रको भर्जिन ल्याण्डको रूपमा ग्रीनल्याण्डले आफ्नो परिचय विश्व मानचित्रमा कायम गरिरहेको देखिन्छ ।

रूस, अमेरिका र चीन जस्ता भूराजनीतिका खेलाडी मुलुकहरूको चासोमा सदैव रहे पनि अत्यधिक चिसो र जनजीवन कष्टकर भएको हुँदा सबैको प्राथमिकतामा ग्रीनल्याण्ड पर्न सकेन । खासगरी अलास्का जस्तो खनिज पदार्थले अत्यन्तै सम्पन्न भूभाग समेत अपरेसनल कष्ट धान्न नसकी अमेरिकालाई बेच्नुपरेका कारण रसिया थप भूभाग मात्र संरक्षण गरिरहने दायित्व थोपर्न अघि सरेन । अलास्काको किनबेचमा अपर ह्याण्ड प्राप्त गरेको अमेरिका नयाँ भूगोलको लागि कति लालायित छ भन्ने तथ्य नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पका पछिल्ला अभिव्यक्तिहरूले पुष्टि गरेको छ । आफ्नो स्वार्थ रक्षाका लागि उनी पानामा नहर, क्यानडा र ग्रीनल्याण्डसम्मको महत्वाकांक्षी र सुन्दा असम्भवप्राय: लाग्ने दिवा सपनाहरू अमेरिकीहरूलाई बाँडिरहेका छन् । तुलनात्मक रूपमा अमेरिकाले गर्न चाहे तुरुन्तै गर्न सक्ने कार्यका रूपमा ग्रीनल्याण्डको सार्वभौमिकता हरणलाई हेरिएको छ ।

यस्तो विश्लेषण हुनुका पछाडि खास कारणहरू छन् । एक त पहिलेदेखि नै नेटो राष्ट्रको रूपमा ग्रीनल्याण्डमा अमेरिकी सैन्यवेस छ । अर्को ग्रीनल्याण्डभित्र डेनमार्कबाट स्वतन्त्र हुनुपर्ने राजनीतिक मुद्दाहरू छन् । अमेरिकाले यो वा त्यो जसरी पनि ग्रीनल्याण्ड हत्याउन सक्छ भन्ने आम भाष्य बन्दै गएको छ । नवनिर्वाचित राष्ट्रपतिका छोरा इरिक ट्रम्पले ग्रीनल्याण्डलाई अमेजन सपिङ्ग कार्ट भित्र राखी अमेरिकी जनताले अमेजन सपिङ्गबाट आफूलाई चाहिने सामान जति सजिलै खरिद गर्छन् त्यस्तै गरी अमेरिकाले क्यानडा, ग्रीनल्याण्ड र पनामा नहर खरिद गर्ने विम्बात्मक ट्विट गर्नाले अमेरिकाले अन्य कमजोर देशको सार्वभौमिकतालाई कसरी आकलन गर्दोरहेछ भन्ने तथ्य घामजत्तिकै छर्लङ्ग भएको छ ।

ट्रम्पका छोरा इरिक ट्रम्पले ग्रीनल्याण्ड, क्यानडा र पानामा नहरलाई अमेजन सपिङ्ग कार्टमा राखी आम अमेरिकीहरूले सामान किने जसरी सजिलै आफ्नो बनाउने प्रतीकात्मक चित्र प्रस्तुत गरेका छन् । हालसम्म अमेरिकी छातामुनि विश्व-राजनीतिमा मैमत्ता रहेका कतिपय मुलुकहरूलाई नमिठो पाठ पनि सिकाएको छ । आज ट्रम्पको चाहनाको प्रतिरोध गर्न सक्ने कुनै ठोस अन्तर्राष्ट्रिय शक्ति विद्यमान छैन । सैन्य सामर्थ्यले भरिपूर्ण रूस आफैं अर्को देशको भूभाग कब्जा गर्ने युद्धमा होमिएको छ । सन् २०१४ को क्रिमिया अतिक्रमण र विगत तीन वर्षदेखिको अन्त्यहीन युक्रेन युद्धको पृष्ठभूमिमा उभिएर रूसले के भन्ने ?

आर्थिक महाशक्ति चीन तिब्बत नियन्त्रण गरेको आफ्नो इतिहास भुल्न सक्दैन अपितु उसलाई ताइवान नियन्त्रणको आफ्नै गृहकार्य गर्नुछ । भारत पनि काश्मिर मुद्दाको समाधानका लागि आफूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा असुरक्षित महसुस गर्छ भने सिक्किम विलयको उद्दण्डतामा विश्व समुदायले भारतलाई कुनै चुनौती नदिएको यथार्थ उसले नकार्न सक्दैन । ब्रिटेन र सारा युरोपेली मुलुकहरूको के कुरा भयो र ? एक दुई जना कुनै सांसदहरूले आ-आफ्नो देशको संसद्मा केही क्रान्तिकारी भनाइहरू दर्ज गराउन सक्छन् तर अमेरिकी चाहनाका विरुद्धमा खडा हुने खुट्टी उनीहरूसँग छैन । यस्तो परिस्थितिमा बोल्ने को ? बोल्ने के ? ग्रीनल्यान्ड बिक्रीका लागि होइन भन्न पनि दशचोटि सोच्नुपर्ने अवस्था छ ।

अमेरिकी स्वार्थका विरुद्धमा जर्मनी र फ्रान्सका संसद्हरूमा केही सांसदहरूले खेद जनाउन सक्छन् अन्य युरोपेली देशहरूले त्यो दु:ख पनि गर्दैनन् कि यसै भन्न सकिन्न । तर वास्तवमा ट्रम्पको ग्रीनल्याण्ड चाहनाले युरोपेलीहरूलाई दु:खित तुल्याएको छ । अमेरिकी स्वार्थ अगाडि युरोपेली हैसियत पदार्पण भएको छ । उसको सामाज्यवादको जरा जसरी उभिएका युरोपेली देशहरू ग्रीनल्याण्ड अतिक्रमणदेखि खुशी हुने छैनन् ।

डेनमार्ककी प्रधानमन्त्री मेट्टी फ्रेडरिकसनले हालै नवनिर्वाचित ट्रम्पसँग टेलिफोन सम्पर्कमा ग्रीनल्याण्डको भविष्य ग्रीनल्याण्डका बासिन्दाले तय गर्ने कमजोर अभिव्यक्ति दिइन् । ५७ हजार जनसंख्याले अमेरिकी साम्राज्यवादको अगाडि के निर्णय लिन सक्लान्? देशको भौगोलिक अखण्डतामाथि यति कमजोर अभिव्यक्ति यसअघि सुनिएको थिएन । हुनत सन् २००९ मा गरिएको व्यवस्थाले ग्रीनल्याण्डलाई स्वतन्त्र रहने-नरहने विषयमा जनमत संग्रह गरी उपर्युक्त निर्णय लिन स्वतन्त्र रहने व्यवस्था गरि सकिएको हुनाले पनि डेनमार्ककी प्रधानमन्त्री त्यसो भन्न विवश थिइन् । ट्रम्पको ट्रुष्ट सोसलमा लेखिएको एक पोष्ट जसद्वारा ग्रीनल्याण्ड मुद्दाले फेरि चर्चा पायो ।

उता ग्रीनल्याण्डको प्रधानमन्त्री मुट एच्डे ग्रीनल्याण्ड बिक्रीमा छैन भनेर चिच्याइरहेका छन् यता विदेश मामिलाको ठेकेदार डेनमार्ककी प्रधानमन्त्री ट्रम्पसँग ४५ मिनेट गफिंदा ग्रीनल्याण्डका नागरिकको चाहना अनुरूप हुने कुरा गर्छिन् भने अझ अमेरिकासँग मिलेर ग्रीनल्याण्डको विकास र सुरक्षामा केन्द्रित हुने वक्तव्य जारी गर्छिन् । नर्वेसँगको बण्डामा डेनमार्कका जनताले आफ्नो अधिकारका रूपमा पाएको ग्रीनल्याण्डलाई केही प्रतिशत जनसंख्याको निर्णयमा छोड्न सक्ने विचार अत्यन्तै लोकतान्त्रिक सुनिएला तर निकै दु:खद् छ । अझ अमेरिकी र डेनमार्कको सत्ताले ग्रीनल्याण्डको सौदावाजी पैसामा गऱ्यो भने? ग्रीनल्याण्ड कुनै देशको जग्गा कारोबारीले गरेको प्लटिङ भन्दा माथि हुने छैन ।

ग्रीनल्याण्डलाई आफ्नो भूगोलमा समेट्न अमेरिकासँग सयौं तरीका छन् । अमेरिका आफैंमा विस्तारवादको नमूना रहेकै छ । सन् १८०३ को लुसियाना खरिददेखि १८४५ को टेक्सास माथिको सैन्य नियन्त्रण, १८४६ र १८४८ को मेक्सिकोसँगको भूभाग हस्तान्तरण सम्झौता, १८६७ को अलास्का खरिद देखि १९२२ को किन्ङ्रुमा रिफसम्म अमेरिका निरन्तर भौगोलिक वृद्धिमा छ । अमेरिका गठनदेखि प्रत्येक शताब्दीमा उसले कुनै न कुनै रूपमा अस्वाभाविक रूपमा कुनै भूभाग आर्जन गरिरहेकै छ । मूलत: १९६० पछाडिको पुस्ताले अमेरिकी भूभागको विस्तारलाई देखेका छैनन् र अमेरिकी नक्सा एकनासको रहेको उनीहरू ठान्छन् । तर इतिहासको प्रत्येक कुनामा अमेरिकी विस्तारवाद देखा पर्छ । हेर्दा निकै वैज्ञानिक र स्वाभाविक जस्तो देखिने भूभाग खरिदबिक्रीको अमेरिकी रणनीति विश्वस्तरमा उसलाई नम्बर १ बनाउने उत्कृष्ट कडी सावित भएको छ । कुनै ठूलो अन्तर्राष्ट्रिय झन्झट बेगर आफ्नो स्वार्थ पूर्ति गर्ने अमेरिकी कला आफैंमा भूराजनीतिको उत्कृष्ट कलाकारिता हो ।

२१ लाख वर्ग किमीको ग्रीनल्याण्डको समायोजनले अमेरिका विश्वको दोस्रो ठूलो भौगोलिक राष्ट्र बन्नेछ । ग्रीनल्याण्डको अतिक्रमणमा अमेरिकाको भौगोलिक चाहभन्दा बढी अरू केही छ । जलवायु परिवर्तनको असरले विश्व मानचित्र बदल्दै लगेको छ । कष्टकर मानिएको उत्तरी ध्रुव विश्वतापमानमा भएको वृद्धिसँगै सहज र उत्पादनशील हुँदै गएको छ ।

समरमा साउथ ग्रीनल्याण्डको तापक्रम २० डिग्री सेन्टिग्रेड पुग्न थालेको छ । विन्टरमा माइनस ९ डिग्री भन्दा तल जाने गरेको भए पनि समर अब मानिसहरूको दैनिकीका लागि दिनानुदिन सहज बन्दै गएको छ । निकट भविष्यमा उत्तरी ध्रुवबाट व्यापारिक मार्गहरू चलनचल्तीमा आउने सम्भावनाको ढोका तापमान वृद्धिले खोलेको छ । अबको एक शताब्दीपछि यही गतिले विश्वको तापमान वृद्धि रहे केही स्कान्डेभियन मुलुक, रूस, क्यानडा, अलास्का र ग्रीनल्याण्डमा विश्वको जनसंख्या केन्द्रित हुनुपर्ने दुर्दिन आउन सक्छ । आफ्ना नागरिकका लागि एक दुई शताब्दीपछिको भविष्य सुरक्षा गर्ने चासो ट्रम्पद्वारा व्यक्त हुनु अमेरिकी नागरिकका लागि सुखद् छ ।

ट्रम्पको ग्रीनल्याण्ड चाहना केवल जलवायु परिवर्तनमा सीमित नहोला । यसै पनि उनी जलवायु परिवर्तनका मुद्दामा निकै अनुदार देखिन्छन् । विभिन्न भाषणहरूमा जलवायु परिवर्तनको लागि जिम्मेवार मानिएका राष्ट्रहरूले तिर्नुपर्ने क्षतिपूर्तिका लागि आफू तयार नभएको जनाएका छन् । पेरिस सन्धिप्रति उनको तीव्र असन्तुष्टि रहेको छ । सन् २०१५ को पेरिस सम्झौताबाट अमेरिका ट्रम्पको प्रथम कार्यकालमा सन् २०१७ मा बाहिरिएको थियो । राष्ट्रपति जो बाइडेनले २०२१ मा पुन: उक्त सन्धिको दायित्व अमेरिकाले व्यहोर्ने गरी सन्धिलाई आत्मसात् गरेका थिए । सित्तैंमा आफ्नो पैसा अरूलाई दिएर अमेरिकी नागरिकले तिरेको राजस्व सत्यानाश गर्नुभन्दा त्यही पैसाले अमेरिकी भविष्यलाई सुरक्षित तुल्याउने दिशामा प्रयोग गर्ने उनको भित्री रणनीति हुन सक्छ । ग्रीनल्याण्ड हत्याउने ट्रम्प चाहको अर्को उम्दा कारण ग्रीनल्याण्डमा पाइने दुर्लभ प्राकृतिक तत्वहरू पनि हुनसक्छन् । २२ फेब्रुअरी २०२२ मा युएस जियोलजिकल सर्भेको प्रकाशित रिपोर्टमा अमेरिकाको राष्ट्रिय सुरक्षा र अमेरिकी अर्थतन्त्रका लागि अत्यावश्यक मानिएका ५० प्राकृतिक तत्वको सूची सार्वजनिक गरिएको छ ।

विश्वका दुर्लभ र नयाँ प्रविधि र सैन्य सामग्रीहरूका लागि अत्यावश्यक मानिएका यस्ता तत्वहरूको निर्यातमा चीनको आधिपत्य छ । चीनले एक्लै विश्वबजारको ६० प्रतिशत हिस्सेदारी यस किसिमको व्यापारमा ओगटिरहेको छ । ग्रीनल्याण्ड यस किसिमको सर्वाधिक महत्व बोकेका ३८ प्रकारका मिनरल्सहरूको भण्डारण हुनसक्ने आकलन गरिएको छ । जनवरी २० मा नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प ह्वाइटहाउस प्रवेश गर्नेछन् । उनको शपथ समारोहका लागि चिनियाँ उपराष्ट्रपतिदेखि अर्जेन्टिनियन राष्ट्रपति सहभागी हुने कार्यक्रम छ । सो समारोहमा इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनी र युरोपेली देशका केही राजनीतिक दलका प्रमुखहरू सहभागी हुनसक्ने विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेको देखिन्छ ।

ट्रम्पको अफिस आगमनले उनले लिड गरिरहेको मागा अर्थात् 'मेक अमेरिका ग्रेट अगेन' को निर्णायक कार्यान्वयन सुरुवात हुनेछ । ट्रम्पको दोस्रो कार्यकालले विश्व-राजनीतिलाई उलटफेर गर्ने आकलन गरिएको छ । ट्रम्प ग्रीनल्याण्डमाथि आधिपत्य कायम गरी अमेरिकाका लागि अजेय र अमर हुन चाहन्छन् । २१औं शताब्दीमा बदलिंदो अमेरिकी नक्सा विश्व समुदायले सन् २०२८ भित्रै देख्न पाउँछ वा पाउँदैन त्यो ट्रम्पको आगामी कार्यकालको सफलता र असफलतासँग जोडिन पुगेको छ ।

*(साभार: अनलाइनखबर)*

# अदालत र फैसलामा हुने ढिलाइको निराकण

✍ दामोदर पौडेल

ढिलो न्याय दिनु भनेको नदिनु बराबर हो भन्ने गरिन्छ । अदालतले नै अरुले अन्याय गरे न्याय दिने हो तर अदालतले नै समयमा न्याय सम्पादन गर्न नसकेमा कसले न्याय दिने भन्ने सवाल स्वाभाविकरुपमा नै उठ्छ । हामीले अरु कार्यालय कतिपय विषयमा बारम्बार अनिर्णयको बन्दी बनेको भन्ने सुन्ने गरेका छौं । यो संविधान २०७२ सालमा लागू भएकोमा हाम्रा सरकारहरुले संविधानको कानुनी पक्षसम्म पनि पालना नै गर्न सकेका छैनन् ।

सरकारले गरेको गल्तीलाई ढाकछोप गर्ने कार्य सरकारलाई ठीक ठाउँमा ल्याउने निकायबाट पनि भएजस्तो अर्थ लाग्ने गरेको छ । उदाहरणको लागि वर्तमान संविधानको धारा ३०४ को १ मा यो संविधान प्रारम्भ हुँदाका बखतमा कायम रहेका नेपाल कानुन खारेज वा संशोधन नभएसम्म लागू हुनेछन् र यो संविधानसँग बाझिएको कानुन यो संविधान बमोजिमको संघीय संसद्को पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ भन्नेसमेत उल्लेख छ । शिक्षा ऐन २०२८, संविधान आएको लगभग दश वर्ष हुन लाग्दा पनि संविधान अनुरुप बन्न सकेको छैन ।

संविधानको अनुसूची ८ को ८ नं. मा आधारभूत र माध्यमिक शिक्षासम्बन्धमा सम्पूर्ण अधिकार स्थानीय सरकार अर्थात् पालिकालाई दिएको छ । शिक्षा ऐनको दफा १२ मा अहिले पनि विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समितिका सदस्यहरुले आफूमध्येबाट छान्ने उल्लेख छ । पालिकाहरुले स्थानीय ऐन बनाएर वडाबाट व्यवस्थापन समितिको अध्यक्ष बनाउनेसमेतका व्यवस्था गरे । त्यो कार्य संविधान अनुरुप हो भन्ने आधार छन् । तर संविधान अनुरुप नरहेको शिक्षा ऐन २०२८ लाई नै आधार मानेर व्यवस्थापन समितिको अध्यक्ष हुने गरी माग पनि भए । सर्वोच्च अदालतबाट यससम्बन्धमा फैसलासमेत भएको जानकारीमा आएको छ । संविधानको व्यवस्थालाई टेकेर यो संविधानपछि बनेको संसद्ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को २ को ज.को ७ मा प्रस्ट त विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनका बारे ऐन बनाउने अधिकार पालिकालाई प्रदान गरेको छ ।

यसरी वर्तमान संविधान बनेपछि संविधान र संविधानको मर्मअनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाअनुसार विद्यालयको व्यवस्थापन समिति बनाउने अधिकार पूर्णत: पालिकाले बनाएको कानुनअनुसार हुने हो । पहिलाको कानुन त संविधान र संविधान बनेपछि यही संविधानको आधारमा बनेको कानुनको व्यवस्था विपरीत रहेको हदसम्म स्वत: निष्क्रिय हुनुपर्ने हो र सो आधारमा शिक्षा ऐन २०२८ को व्यवस्था पनि निष्क्रिय हुनुपर्ने देखिन्छ । तर संविधान र संविधानअनुसार बनेको कानुन विपरीत रहेको शिक्षा ऐनको व्यवस्थालाई नै मान्यता दिनु भनेको संविधान मानेको भन्दा पनि संविधानले नै अस्वीकार गरेको कानुनलाई मान्याता दिनु हो । यो अस्वाभाविक लाग्छ । जहिले पनि अदालतको आदेशको सम्मान गर्दै प्राविधिक पक्ष भने एक-अर्काका मेल नखाएको देखिएको हदसम्म प्रस्ट हुन उपयुक्त देखिन्छ ।

यस्तो अवस्थामा हाम्रो आस्थाको केन्द्रविन्दु र न्यायको धरोहर सर्वोच्च अदालतले सरकार र व्यवस्थापिकालाई यो आदेश भएपछि बस्ने संसद्बाट संविधानअनुसार शिक्षा ऐनको यथासम्भव छिटो तर्जुमा गर्नु भन्ने संविधानले नै मागेको आवश्यकताको सन्देश दिनुपर्ने हो र त्यो गर्न ढिलो नै भएको छ, जस्तो लाग्छ ।

अर्कोतर्फ अदालतहरु मुद्दाका चाङहरुको बोझले थिचिएको छ, नागरिकहरुले न्याय पाउन ढिलो भएको छ भन्ने भावनाहरु अदालतबाहिर र भित्रबाट आएका छन् । निश्चित समयभन्दा ज्यादा चलेका मुद्दाहरुलाई अभियान अन्तर्गत राखिएका पनि छन् । तैपनि त्यसको उपयुक्त प्रतिफल प्राप्त भएको जस्तो लाग्दैन, मूलत: संख्याको हिसाबले । सर्वोच्च अदालतमा त मुद्दाहरुको बाढी नै छ र पुराना मुद्दाहरु बढी रहेका छन् भन्ने सुनिने गरेका छन् । अर्कोतर्फ केही वर्षपहिला अंशमुद्दाको फैसला भयो र ४० वर्षभन्दा ज्यादा समयपछि कुनै पक्षले जित्यो । त्यो जितेको केही समयमा नै ती व्यक्ति मरे ।

४० वर्ष दु:ख गरेर, लाखौं खर्च गरेर, पीडा सहेर मुद्दा जितिन्छ र त्यो जितेको उपलब्धि राम्रोसँग प्राप्त गर्न नसक्दै मर्ने अवस्था आउँछ भने त्यो दु:खद हो । यसको निराकरण आवश्यक छ, त्यो पनि यही जनशक्तिबाट । यो सम्भव पनि छ । के हामी सबै तयार छौं ? मुद्दामा लामो बहस नगर्ने र आवश्यक बुँदामात्र बहस गर्ने हो भने अर्को पक्षका कानुन व्यवसायीहरुले गर्ने लामो बहसले गर्दा समयको व्यवस्थापनलाई ध्यान दिने कानुन व्यवसायी नजान्ने र आफ्ना पक्ष र अरुको अगाडि पनि निरीहजस्तो देखिने गरेको छ । अर्थात् इमानदारी नै कमजोरीजस्तो बन्न सक्छ ।

न्याय छिटो गर्नको लागि सबैभन्दा पहिलो प्रयास कानुन व्यवसायीबाटै हुन अवश्यक छ । बहसमा मुद्दाको निर्णयको लागि यो निर्णायक विषय हो, यो महत्वपूर्ण विषय हो र यो सामान्य विषय हो भनेर २ मिनेटमा आफ्ना भनाइ राखी निर्णायक विषयहरुमा कानुनी र नजिरजन्यसमेतका विषयमा करिब १० मिनेटमा आफ्नो भनाइ सक्न सक्ने सम्भावना धेरै मुद्दामा रहन्छ । जस्तै मुद्दामा पनि २० मिनेटमा विवादका मुख्य पक्षलाई राख्न सकिन्छ । न्यायाधीशले पनि कुन निर्णायक हो, कुन महत्वपूर्ण र कुन सामान्यसम्म भए पनि मुद्दामा निर्णायक होइन भन्नेमा ध्यान दिन सक्नुपर्छ ।

अभियानका अर्थात् पुराना मुद्दाहरुको लागि सबै कानुन व्यवसायीहरुलाई एक पेजमा नबढाई मुख्य अर्थात् निर्णायक विषय, कानुनी प्रावधान र आफ्नो पक्षको जित्ने आधारका भनाइ बहस नोटमा राख्न लगाउने र बहस गर्न आवश्यक भएर गरेमा १० मिनेटभन्दा ज्यादा समय नलिने व्यवस्था भएमा झन्डै एक तिहाइ समय थपिन जान्छ । कानुन व्यवसायीका १ घण्टा र त्यसभन्दा लामा बहसहरुको जिस्ट त एक पेजको भन्दा ज्यादा हुँदैन नै ।

बहस नोटलाई प्राथमिकता दिने र बहस नोट स्थायी प्रमाण हो, लामो बहस नै मुद्दा जित्ने आधार होइन भन्ने सन्देश मुद्दाका पक्षहरुमा जाने वातावरण हुन आवश्यक छ । कतिपय लामा बहसहरुले मुद्दाको वास्तविक निर्णायक विषयलाई नै ओझेलमा पार्ने र सबैलाई अलमल्याउने सम्भावना हुन्छ । त्यसैले छोटा बहसहरु आफ्नो हितमा हुन्छन् भन्ने सोच पक्षहरुमा विकास हुनै पर्छ ।

*क्रमश: पृष्ठ-३....*

# खो खो खेलको उपलब्धि : नेपाली खेलकुदको कोशेढुंगा

काठमाडौं/एक साता अघिसम्म खो खो खेलको बारेमा धेरै नेपाली खेलप्रेमी तथा खेल समर्थकहरू अनविज्ञ नै थिए । एक सातामा नेपाली खो खो खेलले व्यापक चर्चा कमाउन सफल भयो । यसको कारण हो नेपाली खो खो टिमले विश्वकपमा गरेको प्रदर्शन र हात पारेको उपलब्धि ।

पहिलोपटक आयोजना भएको खो खो विश्वकपमा नेपालको पुरूष र महिला दुवै टोलीले शानदार प्रदर्शन गर्दै उपविजेता बनेपछि अहिले धेरैले खो खो खेल के हो ? यो कस्तो खेल हो ? कसरी खेलिन्छ ? भनेर खोज्न थालेका छन् ।



भारतको नयाँदल्लीमा पुस २९ गते देखि माघ ६ गते सम्म भएको प्रथम खो खो विश्वकपमा नेपालको महिला तथा पुरूष दुवै टिमले रजत पदक जितेपछि अहिले नेपाली खेलकुद नै खो खो मय बनिरहेको छ । राष्ट्रिय खेलकुद परिषदले सोमबार विज्ञप्ति जारी गर्दै खो खो खेलको सफलता नेपाली खेलकुदका लागि कोशेढुंगा साबित भएको जनाएको छ । 'खो खो विश्वकपमा नेपालले जुन सफलता हात पार्‍यो यो नेपाली खेलकुदमै गौरवको क्षण हो' इतिहास रच्ने टोलीलाई स्वागत गरेपछि नेपाल खो खो संघका अध्यक्ष प्रदिप महर्जनले संचारकर्मीसँग भने, 'हामीले जुन किसिमले फाइनलसम्म पुग्ने लक्ष्यका साथ तयारी गरेका थियौं त्यसमा सफल भयौं । खेलाडीले धेरै राम्रो प्रदर्शन गरे ।'

नेपालको कुनै पनि खेलको लागि विश्वकप पुग्न र त्यहाँ खेल जित्नु नै ठूलो चुनौति हुने गर्छ । यस्तोमा खो खो खेलबाट पहिलोपटक भएको विश्वकपमै नेपालले सनसनी प्रदर्शन गर्दै इतिहास रच्नु चानचुने उपलब्धि होइन । त्यो पनि एक टिम होइन महिला र पुरूष दुवै टिमले नै यो ऐतिहासिक सफलता हात पारेका हुन् ।

खो खो विश्वकपमा कूल २३ राष्ट्र सहभागी भएकोमा पुरूषतर्फ २० र महिलातर्फ १९ टोलीले प्रतिस्पर्धा गरेका थिए । त्यसमा आयोजक भारत दुवैतर्फ अपराजित रहँदै च्याम्पियन बन्न सफल भयो ।

नेपाल भने महिला र पुरूष दुवैमा भारतसँग नै पराजित भयो । अन्य खेलकुद जस्तै खो खो विश्वकपमा पनि नेपालका लागि भारत नै अन्तिम तगारो बन्यो । आइतबार इन्दिरा गान्धी इन्डोर हलमा भएको फाइनलमा पुरूषतर्फ नेपाल भारतसँग ५४-३६ तथा महिलातर्फ ७८-४० ले पराजित भएको हो ।

फाइनलमा पराजित भएपनि विश्वकपको फाइनल खेलेर उपविजेता बन्नु नै नेपालको लागि ऐतिहासिक उपलब्धि हो । उपविजेता दुवै टोली सोमबार स्वदेश फर्किएका छन् । नेपाली टोलीको त्रिभुवन विमानस्थलमा भव्य स्वागत गरिएको थियो । पुरूष र महिला टोलीका कप्तान दुवैले फाइनल पुग्ने लक्ष्यमा सफल भएको भन्दै रजत पदक जित्दा खुशी व्यक्त गरे । 'हामी विश्वकप खेल्न जाँदा नै पदक जित्छौं भन्ने लक्ष्यका साथ गएका थियौं र दोस्रो भएर आउँदा निकै खुशी छौं र गर्व लागेको छ' पुरूष टिमका कप्तान हेमराज पनेरूले भने । महिला टिमकी कप्तान सरस्वती कठायतले पनि रजत जित्दा खुशी लागेको बताइन् ।

पुरूष टिमका प्रशिक्षक कयामुद्दिन मन्सुरले छोटो समयमको तयारीमै नेपालले विश्वकपको फाइनल पुगेर इतिहास रचेको र प्रशिक्षण गर्न पाए अझ ठूलो सफलता हात पार्ने बताए । 'एक महिना प्रशिक्षण गरेर पनि हामी उपविजेता भयौं । ६ महिना प्रशिक्षण गर्न पायौं भने हामी भारतलाई हराउन सक्छौं' उनले भने ।

यसैगरी महिला टिम प्रशिक्षक लक्ष्मीनारायण बैद्यले पनि लामो सयम प्रशिक्षण गर्न पाए अझ राम्रो नतिजा ल्याउने सकिने बताए । प्रथम खो खो विश्वकपमै उपविजेता बनेपछि अहिले सबैतिर खो खो चर्चा देखिन थालेको छ ।

खो खो संघका अध्यक्ष महर्जनले गुमनाम रहेको खो खो खेललाई विश्वकपको सफलताले चर्चामा ल्याइदिएको बताए । 'सगर माथामा पुग्नु सजिलो छ । तर त्यहाँ पुगेर अडिरहनु गाह्रो छ' उनको भनाइ थियो । खो खो खेललमा विगतमा पनि नेपाली खो खो टिमले अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सफलताहरू हासिल गरेको छ । तर यस किसिमको चर्चा भएको थिएन । यसपटक भने मिडियाहरूमा खो खो विश्वकपबारे समाचार आएपछि यसको चर्चा अझ बढेको भन्दै खो खो संघका अध्यक्ष महर्जनले सबैलाई धन्यवाद दिए ।

१२औं दक्षिण एशियाली खेलकुद (साग) मा नेपालको पुरूष तथा महिला खो खो टिम दोस्रो भएको थियो । यस्तै सन् २०१९ मा काठमाडौंमै भएको १३औं सागमा भने नेपाली महिला टिमले रजत तथा पुरूष टिमले कांस्य जितेका थिए । यसैगरी पहिलो, दोस्रो तथा तेस्रो एशियन खो खो च्याम्पियनशिपमा नेपालको दुवै टिम तेस्रो भएका थिए भने चौथो एशियन खो खो च्यापियनशिपमा नेपालको दुवै खो खो टिम दोस्रो भएका थिए ।

खो खो संघका अध्यक्ष महर्जनले अब खो खो खेलको स्कुल देखि नै प्रतियोगिताहरू गर्ने र राष्ट्रिय टिम अझ बलियो बनाउने बताए । 'हामीले जिल्ला संघहरूलाई स्कुल स्तर देखि नै प्रतियोगिताहरू गर्न भनिसकेका छौं । यस्तै पुरूषको राष्ट्रिय प्रतियोगिता माघमा दाङ र महिलाको राष्ट्रिय प्रतियोगिता फागुनमा सुनसरीमा गर्नेछौं ।'

विश्वकप खेल्न जानुअघि संघकै पदाधिकारीहरूले रकम जम्मा गरेर सहभागी भएको खो खो टोलीका खेलाडी, प्रशिक्षक र संघले पनि अब सरकारबाटै नगद पुरस्कार र सम्मान पाउनेछ । यसले पनि खेलाडीको हौसला बढ्नेछ ।

'कानुनमै उल्लेख भएअनुसार खेलाडीहरूलाई सरकार बाट पुरस्कृत गरिनेछ । विश्वकपमा उपविजेता बन्ने खेलाडीलाई पुरस्कारमा कुनै ढिलाई हुँदैन । यसका लागि संघले १५ दिनभित्र निवेदन पेश गर्नुपर्नेछ ।' खेलाडीलाई स्वागत पछि राखेप सदस्य सचिव टंकलाल घिसिङले भने ।

### यस्तो थियो पुरूष र महिला टिमको फाइनल यात्रा

नेपालले विश्वकप खेल्न भारत जानुअघि नै फाइनलसम्म पुग्ने लक्ष्य राखेको थियो र त्यसमा सफल भयो । तर उपाधि नजिक पुगेर ट्रफी उचाल्न भने वञ्चित भयो । दक्षिण एसिया र एसियामा पनि नेपाल उपविजेता सम्म भएको थियो । विश्वकपको फाइनलसम्म पुग्ने क्रममा भने नेपालले गज्जबको प्रदर्शन गर्‍यो । पुरूषतर्फ नेपाल समूह ए को उपविजेता बन्दै क्वाटर फाइनल पुगेको थियो । पहिलो खेलमा भारतसँग ४२-३७ अन्तरले पराजित भएको नेपालले दोस्रो खेलमा पेरूलाई ८०-३४ ले, तेस्रो खेलमा ब्राजिललाई १३४-८ अन्तरले र चौथो खेलमा भुटानलाई ९८-८ अन्तरले हराउँदै अन्तिम आठको यात्रा तय गरेको थियो ।

क्रुवाटरफाइनलमा बंगलादेशलाई ६७-१८ को अन्तर ले हराएको नेपालले सेमिफाइनलमा इरानलाई ७२-२० ले पराजित गर्दै फाइनल पुगेको थियो । महिलातर्फ नेपाल समूह सी मा सबै चार खेल जित्दै अपराजित रहेर समूह सी को विजेताको रूपमा क्रुवाटरफाइनलमा प्रवेश गरेको थियो ।

नेपालले समूहमा पहिलो खेलमा भुटानलाई ९३-२४ ले, दोस्रो खेलमा जर्मनीलाई ७३-३४ ले, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० ले र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले पराजित गरेको थियो । त्यसैगरी क्रुवाटरफाइनलमा इरानलाई १०३-८ अंकको अन्तर ले हराउँदै सेमिफाइनलमा पुगेको थियो भने सेमिफाइनलमा नेपालले युगाण्डालाई ८९-१८ ले पराजित गरेको हो । सरस्वती कडायतको कप्तानीमा रहेको नेपाली महिला खो खो टोलीले विश्वकपको पहिलो संस्करणमै शानदार प्रदर्शन गर्दै नेपाली खो खो को चर्चा बढाएका थिए ।

### यस्तो छ नेपाली टिम

नेपाल पुरूष खो खो टिम : हेमराज पनेरु (कप्तान), जनक चन्द, समीर चन्द, विश्वास चौधरी, सूरज पूजारा, रोहित कुमार वर्मा, यमन पुरी, वेदबहादुर वली, झलक विक, विकराल सिंह रत्गैया, विशाल थारु, राजन बल, जोगेन्द्र राना, भरत सारु, गणेश विश्वकर्मा

नेपाल महिला खो खो टिम : सरस्वती कडायत (कप्तान), मानमती धामी, पुजा ओड, आशा थारु, दीपा बिक, निशा शाही, कर्माकुमारी शाही, कन्चन चौधरी, पुनम थारु, सम्झना विक, दीपाकुमारी बिक, खुश्बु राना, वर्षा पण्डित, गीता चौधरी, अनिसा गोले

*(स्रोत: अनलाइनखबर)*

# केयूको भीसी छनोट प्रक्रियामा किचलो, कार्यविधि पुनर्विचार गर्न समिति अनिर्णित

काठमाडौं/काठमाडौं विश्वविद्यालयको उपकुलपति छनोट प्रक्रियामा विलम्ब भएको छ । ४ माघमा केयू सभाले कार्यविधिमा पुनर्विचार गर्न समितिलाई निर्देशन दिएको थियो । समितिले सभाको औपचारिक पत्र नपाएपछि छनोट प्रक्रिया अलमलमा परेको छ ।

सभामा भएको निर्णयलाई स्पष्ट पार्न समितिले ताकेता गरिरहेको छ । 'सिनेटमा छलफल भएको सुनेको हो । औपचारिक जानकारी आएको छैन, प्रष्टता आओस्,' छनोट समितिका सदस्य डा. अर्जुन कार्कीले भने, 'हामीले गर्ने काम र अपेक्षा गरेकोमा तादम्यता मिलोस् भनेर हो ।' केयूका मेडिकलका डाक्टरहरूले आवेदन दिन नपाएपछि प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीलाई कार्यविधि परिमार्जन गर्न निवेदन दिएका थिए । त्यसपछि कुलपति ओलीले कार्यविधिको मापदण्डमा परिमार्जन गर्न निर्देशन दिएका थिए । कार्यविधिमा मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि वा सो सरहको उपाधि प्राप्त हुनुपर्ने भनिएको छ । यो प्रावधानमा मेडिकलको सबैभन्दा ठूलो प्राज्ञिक योग्यता एमडी, एमएस र एमडीएस नसमेटिने डाक्टरहरूको तर्क छ ।

मेडिकलको सबैभन्दा ठूलो प्राज्ञिक योग्यतालाई कार्यविधिमा समेट्न डाक्टरहरूले माग गर्दै आएका हुन् । प्रधानमन्त्री एवं कुलपति ओलीको निर्देशनलाई समेत समितिले नमानेको आशंका डाक्टरहरूको छ । 'समितिले छलछाम गर्ने काम गरिरहेको छ । कुलपतिलाई पनि झुक्याउन खोजियो । प्रधानमन्त्रीले दिएको निर्देशनलाई अवज्ञा गर्न खोजेको आशंका छ,' केयू स्कूल अफ मेडिकल साइन्स फ्याकेल्टी काउन्सिलका अध्यक्ष प्रा.डा. सुवीन्द्र कार्कीले भने ।

२ माघमा बसेको सभाको एजेन्डामा यो विषय नभएको र माइनोट पनि नगरिएकाले समितिले कार्यविधि परिमार्जन गर्न आनाकानी गरेको जिकिर डाक्टरहरूको छ । 'छनोट समितिले सभाको माइनोट आएपछि काम अगाडि बढाउने आशय राखेको छ । २ गतेको सभामा केयू र धुलिखेलको मात्र एजेन्डा भएकाले माइनोटमा यो विषय नभएकाले आनाकानी गर्न खोजिएको आशंका छ,' अध्यक्ष कार्कीले भने ।

तर, छनोट समितिले स्पष्टता मात्र खोजेको दाबी समिति सदस्यहरूको छ । 'सिनेटले ठ्याक्कै भन्न खोजेको के हो स्पष्टता खोजेका हौं,' समिति सदस्य कार्कीले भने । यसअघि चिकित्सकहरू सर्वोच्च अदालत पनि गएका थिए । अदालतले अन्तरिम आदेश नदिएपछि डाक्टरहरूले उपकुलपतिका लागि आवेदन पाएका थिएनन् । त्यसपछि केयूकै कुलपति ओलीले भने सबैलाई समावेश गर्न निर्देशन दिएका हुन् । तर अदालतको आदेशलाई आधार मानेर छनोट समितिले कार्यविधि पुनर्विचार गर्न नचाहेको केयूका अधिकारीहरू बताउँछन् । 'अदालतको आदेशलाई टेकेर प्रक्रिया सुस्त गर्नेकाम भइरहेको छ,' अध्यक्ष सुवीन्द्र कार्कीले भने छनोट समितिमा संयोजक केयूका पूर्वउपकुलपति सुरेशराज शर्मा, सदस्यमा डा. अर्जुन कार्की र पूर्वसचिव जनार्दन नेपाल छन् । सम्मानित र अभिभावकहरू नै समितिमा रहेकाले कार्यविधि परिमार्जन गरेर सबैलाई समेट्ने विश्वसा व्यक्त गर्छन् अध्यक्ष कार्की । 'उहाँहरू अभिभावक हुनुहुन्छ । सम्मानित व्यक्तिमाथि लान्छना नलागोस् भन्ने अपेक्षा छ । छलछाम नगरी कार्यविधिमा परिमार्जन हुने आशा छ,' उनले भने, 'हामीले उपकुलपति बन्नै पर्छ भनेर होइन, आवेदन दिनबाट बञ्चित नगरियोस् भनेका हौं ।'

यसरी केयूको उपकुलपति छनोट प्रक्रिया विवादै विवादमा गिजोलिएको छ । समितिका संयोजक शर्मामाथि पनि प्रश्न उठेको छ । समितिका संयोजक शर्माका भान्जाले पनि आवेदन दिएपछि संयोजक शर्मामाथि नैतिक प्रश्न उठेको हो । प्रा.डा. नवीन पोखरेल र प्रा.डा. मनीष पोखरेलले उपकुलपतिका लागि उम्मेदवारी दिएका छन् । नवीन शर्माका आफ्नै भान्जा हुन् भने मनीष नजिकैका नातेदार पर्छन् । कार्यविधिको बुँदा १२ मा नातेदारले उम्मेदवारी दिएमा मूल्यांकन प्रक्रियामा समावेश हुन नपाउने उल्लेख छ ।

'समितिका कुनै सदस्य वा समितिबाट गठित उपसमिति वा कुनै विज्ञका नजिकका नातेदारले उपकुलपतिको पदमा दरखास्त पेश गरेको अवस्थामा त्यस्तो सदस्य वा विज्ञ मुल्यांकन प्रक्रियामा सहभागी हुन हुँदैन,' कार्यविधिमा भनिएको छ । छनोट प्रक्रियामा संयोजक शर्मा सहभागी हुन पाउने वा नपाउने भन्नेमा पनि विवाद भएको छ । उपकुलपति प्रा.डा. भोला थापाको कार्यकाल आइतबारबाट सकिएको छ । विवादका कारण केयूले नयाँ उपकुलपति कहिले पाउने हो अनिश्चत भएको छ । नयाँ उपकुलपतिका लागि १८ पुसमा आवेदन खुलाइएको थियो ।

# *अदालत र फैसलामा....*

अर्कोतर्फ न्यायाधीशहरुले इमानदारीका साथ चलेका मुद्दाहरुमा मुद्दाको लागि निर्णायक प्रमाण फिराद र प्रतिउत्तरपत्रमा नै पेस छन् र आधिकारिकता छ भने मुद्दालाई निराकरण गरिहाल्न तयार हुनुपर्छ । निर्णायक प्रमाण हुँदाहुँदै प्रधानरुपमा आवश्यकता नै नभएका प्रमाणहरुका आदेशले मुद्दाहरुलाई लम्ब्याएका छन् ।

न्यायाधीशहरुलाई यस सम्बन्धमा सचेत गर्ने र निर्णायक प्रमाण पेस भइसकेपछि अरु प्रमाणहरु बुझ्ने न्यायाधीशहरुको कार्यक्षमताको बारेमा पनि अभिलेख राख्न सकिन्छ । यसरी उचित प्रमाणहरु प्राप्त भएपछि अरु अपरिहार्य नभएका प्रमाणहरु बुझ्ने कार्यबाट पनि न्याय दिन एक तिहाइ जति ढिलाइ भएको हुनसक्छ ।

त्यस्तै जग्गाको नापनक्सा जस्ता कार्यहरु तथा सर्जमिनसमेतका कार्यहरुको लागि पालिकाका वडाहरु तथा पालिकाका अमिनहरुलाई नै लगाउने अर्थात् अधिकार दिने हो भने र त्यसै अनुसार तालिम दिने र गलत गरेमा सजायको व्यवस्था हुने हो भने नापनक्सा र सर्जमिनको कारणले ढिलो भएका मुद्दाहरुसमेत छिटो निराकरण हुन्छन् ।

न्याय सम्पादन गर्दा माथि उल्लिखित कार्य भएमा यही जनशक्तिबाट नै अहिलेको सबैजसो बोझलाई कम गर्दै अन्त्य गर्न सकिन्छ । कहिलेकाहीं कानुनअनुसार फैसला गर्दा मर्का पर्ने व्यक्तिको कल्याण गर्न सकिँदैन भन्ने अवस्था पनि आउने गर्छ । त्यस अवस्थामा मात्र मेलमिलाप तथा अन्य माध्यम अपनाएर न्याय दिनको लागि केही गर्न सकिन्छ कि भनेर उचित प्रयास वा ढिलाइ हुनसक्छ । त्यसको लागि ढिलो गर्न पर्नाको उचित कारण न्यायकर्ताले उल्लेख गर्न सक्ने व्यवस्था हुनसक्छ । त्यस टिपोटलाई अरु कार्यमा प्रयोग गर्न नसकिने र उनीहरुका तालुक पक्षले मात्र हेर्न सक्ने व्यवस्था र वातावरण हुन पनि सक्छ । अदालतबाट आदेश अनुसार पेस गर्न पर्ने प्रमाण सरकारी निकाय, अन्य संस्थाले दिन ढिलो गरेमा वा उचित जवाफ नदिएमा त्यो कार्य नसिहतको विषय हुने कानुनी व्यवस्था गर्न सकिन्छ । जोसँग हुने प्रमाण हो उसले पेस नगरेमा सो प्रमाण उसको विरुद्ध लाग्ने रहेछ भनेर अदातलले अनुमान गर्ने प्रमाण ऐन २०३१ को व्यवस्थालाई प्रभावकारी बनाउँदा पनि मुद्दाको छिटो निराकरण हुनसक्छ ।

अस्थायीरुपमा मुद्दा छिटो निराकण गर्ने अर्को माध्यम सर्वोच्च अदालतमा पुराना मुद्दाहरुमा सहयोगको लागि हाल पेसमा नरहेका वा नरहन चाहने पूर्वप्रधानन्यायाधीश तथा न्यायाधीशहरु एवं वरिष्ठ अधिवक्ताहरुमध्ये चाहना राख्नेहरुको न्यायिक समूह बनाउन सकिन्छ । पुराना मुद्दाहरु निराकरण गर्न उनीहरुलाई दिनमा १० बजेदेखि ५ बजेसम्म अदालतमा ल्याउने, लग्ने, बस्ने र खाने व्यवस्था गर्ने तथा न्यायाधीशहरुको अतिरिक्त कामसरह भत्ता दिने र एकजनालाई दिनमा एक वा ज्यादा मिसिल दिने व्यवस्था हुनसक्छ । उनीहरुले राम्रोसँग अध्ययन गरेर राय बेन्चमा पेस गर्ने गरेर पेसीको दिनभन्दा केही दिनपहिला उनीहरुलाई मिसिल दिने र त्यसलाई इजलासले हेरेर मुद्दामा सहयोगी सामग्रीको रुपमा लिने परिपाटी राख्दा पनि मुद्दा छिटो निराकरण गर्न सहयोग हुनसक्छ । यो कार्यले कानुन व्यवसायीहरुको बहस नोटलाई प्रतिस्थापन गर्नु भने हुँदैन ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'रंगी' गीत रिलिज, आयुषीमा अडिएको सलोनको संसार

काठमाडौं/भ्यालेनटाइन डेको दिन पारेर आगामी फागुन २ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'रंगी'को दोस्रो गीतको रुपमा 'तिम्रै संसारमा' सार्वजनिक गरिएको छ । सोमबार युट्युबमार्फत् सार्वजनिक उक्त गीतमा भीम बिसी र रजज्ञा श्रेष्ठको पार्श्व गायन छ भने गायक बिसी स्वयंको शब्द रचना तथा संगीत छ । गीतलाई उदयराज पौडेलले एरेन्ज गरेका हुन् ।



शिशिर खातीको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरु सलोन बस्नेत, नम्रता श्रेष्ठ, आयुषी ढकाल र सुमिन गुरुङ चित्रित छन् । विशेषगरी गीतले बाबु-छोरीबीचको भावनात्मक सम्बन्धलाई प्रस्तुत गरेको छ । फिल्ममा सलोन र आयुषी बाबु-छोरीको भूमिकामा छन् ।

सुरेश न्यौपानेको डेब्यु निर्देशनमा तयार भएको फिल्ममा दीलिप रायमाझी, उत्तम केसी, सुमिन गुरुङ, विशाल पहारी लगायतको पनि अभिनय छ । सलोन स्वयं प्रस्तुतकर्ता रहेको फिल्मका निर्माता सक्षम सुवेदी, करिश्मा केसी (बस्नेत) र अनिश गौतम हुन् ।

फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, बन्दे प्रसादको सम्पादन तथा कविराज गहतराज र शिशिर खातीको नृत्य निर्देशन रहेको छ । केही दिनअघि सार्वजनिक फिल्मको 'छ भने माया' गीतले राम्रो चर्चा पाइरहेको छ । त्यसअघि आएको टिजरलाई पनि युट्युबमा उत्कृष्ट प्रतिक्रिया मिलेको छ ।

# 'एक्टर' ट्रेलरबारे दर्शकको प्रतिक्रिया : 'धेरै आशा जगायो'

काठमाडौं/यस वर्ष अभिनेता प्रदीप खड्काको फिल्म रिलिजको संख्या तीनवटा पुग्दैछ । उनको करिअरमै यो पहिलो पटक हुन लागेको हो । गत जेठमा उनी अभिनीत फिल्म 'पूजार सार्की' प्रदर्शन भइसकेको छ । अब यही माघ १६ गते 'एक्टर : टेक वान' र चैत २९ गते 'पिताम्बर' रिलिजको तयारीमा छन् । यी दुई फिल्म पनि व्यावसायिक रुपमा सफल भए उनले एकै वर्षमा हिटमा ह्याट्रिक गर्नेछन् ।



यतिबेला प्रदीपको सम्पूर्ण ध्यान 'एक्टर'मा केन्द्रित छ । किनकि, रिलिजको हिसाबले यही अगाडि छ । फिल्मको प्रचारका लागि महोत्सवमा समेत दौडधुप गरि रहेका उनलाई गत शुक्रबार सार्वजनिक ट्रेलरमा लोभलाग्दो प्रशंसा मिलेको छ । युट्युबमा प्रतिक्रिया जनाउने प्रायःले उनकै तारिफमा शब्द खर्चिएका छन् । केहीले 'अभिनयको अलराउन्डर'को ट्याग समेत दिएका छन् ।

१९ लाख हाराहारी भ्यूज पाइसकेको ट्रेलरले फिल्मप्रति आशा जगाएको प्रतिक्रिया पनि धेरै देखिन्छन् । सिनेमाटोग्राफीको तारिफ उत्तिकै भइरहेको छ । समग्रमा ट्रेलरलाई प्राप्त प्रतिक्रिया उत्कृष्ट छ । यतिबेला नेपालमा युट्युबको मुभी सेक्सनतर्फ दोस्रो नम्बर ट्रेन्डिङमा रहेको ट्रेलरले फिल्मप्रति दर्शकमा चासो र उत्सुकता बढाउन ठूलो भूमिका खेलेको छ ।

राजन भुसालको लेखन तथा निर्देशनमा तयार भएको फिल्मको ट्रेलरले प्रदीप खड्काको महत्त्वाकाङ्क्षी चरित्रलाई केन्द्रमा राख्दै त्रिकोणात्मक प्रेम र कठिन सैर्षको कथा पेस गरेको छ । प्रदीपको बाटोमा राजबल्लभ कोइराला बाधक बनेका छन् । उनको 'ग्रे' चरित्र छ । ट्रेलरको 'हाइलाइट' पक्ष निश्चल बस्नेत इन्ट्री पनि हो । तर, उनको भूमिकालाई सस्पेन्स राखिएको छ ।

थमनकुमार भण्डारीको निर्माण रहेको फिल्ममा दिव्य देव, सृजना अधिकारी, उषा रजक, सुशील सिटौला लगायतको पनि अभिनय छ । अदृत फिल्म्स् र अमोती फिल्मको संयुक्त प्रस्तुति रहेको फिल्ममा निर्माता थमन कुमार भण्डारी, क्रियटिभ प्रोड्युसर मोती कार्की तथा सह-निर्माता अनीश भुसाल छन् । यसमा छायाङ्कन नरेन्द्र मैनालीले गरेका हुन् भने सम्पादन निमेष श्रेष्ठले गरेका छन् ।

# 'आउट ल' : शरीरमा आगो लगाएर सुशीलको एक्सन

काठमाडौं/अभिनेता सुशील श्रेष्ठको करिअरका लागि फिल्म 'आउट ल' महत्त्वपूर्ण छ । एकपछि अर्को फिल्मको असफलताले ठूलो संकटमा रहेका उनलाई यो फिल्म व्यावसायिक रुपमा सफल हुनु अनिवार्य छ । यसैले उनले फिल्ममा दिलोज्यान दिएर मिहिनेत गरिरहेका छन् । यसमा उनी पूर्ण एक्सन अवतारमा प्रस्तुत हुँदैछन् । निर्माण पक्षको दाबी अनुसार उनले फिल्ममा गरेको एक्सन अद्भूत छ ।



केही हप्ताअघि ४० लाख खर्चिएर फिल्मको एउटा एक्सन सिक्वेन्स खिचिएको थियो, जसमा सुशीलले खतरनाक दृश्य दिए । उनको शरीरमा आगो लगाइएको थियो । र, बलिरहेको आगोमै उनले झन्डै एक मिनेट एक्सन गरेका थिए । फिल्ममा यो दृश्य महत्त्वपूर्ण रहेको निर्देशक विक्की महर्जनले जानकारी दिए । उनका अनुसार फिल्ममा सुशीलको ५० मिनेट लामो एक्सन छ ।

हलिउड र कोरियन स्टाइलमा एक्सन कोरियोग्राफी रहेको दाबी गरिएको फिल्ममा सुशीलसहित शिक्षा संग्रौला, नरेश पौडेल, सुमन भण्डारी, हेम गुरुङ, सोनु लागुन, विशाल पहारी लगायतको अभिनय छ । निर्देशक महर्जन स्वयंको लेखन रहेको फिल्ममा नवीन गुरुङको छायांकन, चुल्ठे काजीको द्वन्द्व निर्देशन तथा साहिल खानको सम्पादन छ ।

होलीको दिन पारेर आगामी फागुन २९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्मको निर्माता अमित अग्रहरी हुन् । विनोद कठायत कार्यकारी निर्माता रहेको फिल्ममा विकास चौधरी सह-निर्मातामा छन् । गत साउनमा रिलिज भएको टिजरले फिल्मको राम्रो हाइप बनाएको थियो । तर, गत असोज ३ गतेबाट रिलिज सर्दा त्यो हाइप व्यर्थ बन्यो । यद्यपि, फिल्मप्रति दर्शकमा अपेक्षा बढेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ज्ञानोदयको वार्षिक खेलकुद सुरु, पहिलो दिन दौड



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/हेटौंडा उपमहानगरपालिका-२, काँग्रेसचोक स्थित ज्ञानदोय बालबाटिका एकेडेमी बोर्डिङ स्कुलको वार्षिक साताव्यापी खेलकुद कार्यक्रम सुरु भएको छ ।

सोमबारबाट हेटौंडा-४, स्थित हुप्रचौरमा कार्यक्रम सुरु भएको हो । विद्यालयका क्याप्टेन स्वर्णीम रञ्जितकारको सभाध्यक्षमा तथा प्रिन्सिपल बिन्दुगोपाल गोर्खालीको प्रमुख आतिथ्यमा प्रतियोगिताको उद्घाटन भएको हो । शुक्रबारसम्म चल्ने प्रतियोगितामा कक्षा-६ देखि कक्षा-९ सम्मका विद्यार्थीको सहभागिता रहेको छ । प्रतियोगिता अन्तर्गत पहिलो दिन एथ्लेटिक्सतर्फको १ सय मिटर र २ सय मिटर दौडको खेल सम्पन्न भएको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक प्रितेश कलावरले जानकारी दिए ।

कलवारका अनुसार भोलि मंगलबारसम्म फुटबल, क्रिकेट लगाएतका खेल सञ्चालन हुनेछन् । बुधबार, बिहिबार र शुक्रबार इन्डोरका खेल सञ्चालन हुनेछन् । वार्षिक खेलकुद प्रतियोगिताअन्तर्गत क्रिकेट, फुटबल, भलिबल, व्याडिमन्टन, बास्केटबल, टेबल टेनिस, स्कायबल, हाजिरीजवाफ, बिस्तारै दौडलगायत प्रतियोगिता सञ्चालन हुनेछन् । बोर्डिङले वार्षिकरुपमा खेलकुद कार्यक्रमको आयोजना गर्दै आएको छ । प्रतियोगिता करिब २ सयजना विद्यार्थीको सहभागिता रहने संयोजक कलवारले बताए । विद्यार्थीलाई खेलकुदको महत्वबारे बुझाउन, रुचि क्षमताको अभिवृद्ध गर्न र एक अर्काबीच भातृत्व कायम गराउनका लागि प्रतियोगिताको आयोजना गरिएको उनको भनाई छ ।

प्रतियोगितामा प्रत्येक खेलमा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई क्रमश: स्वर्ण, रजत र कांस्यपदक सहित प्रमाणपत्र प्रदान गरिने छ । वार्षिक खेलकुद कार्यक्रममा पहिलो दिन एथ्लेटिक्स तर्फको १०० र २०० मिटर दौड सम्पन्न भएको छ । १ सय मिटर दौडमा कक्षा-५ देखि ९ सम्मका छात्र/छात्रा विद्यार्थीको सहभागिता रहेको थियो भने २ सय मिटर दौडमा कक्षा-६ देखि ९ सम्मका विद्यार्थीको सहभागिता रहेको थियो ।

१ सय मिटर दौडमा कक्षा-५ बाट छात्रतर्फ सुरज शाह प्रथम, आरज्ञ चौलागाईं द्वितीय र विशेष स्याङ्तान तृतीय भएका छन् । कक्षा-६ बाट आयुष विश्वकर्मा प्रथम, मोहित अधिकारी द्वितीय र ओसकार सेञ्चुरी तृतीय भएका छन् । कक्षा-७ बाट आसिफ सिद्धिकी प्रथम, सरोज रुम्बा द्वितीय र समीर राजथला तृतीय भएका छन् । कक्षा-८ बाट पंकज चौधरी प्रथम, आर्यान लामा द्वितीय र नयन मान्नधर तृतीय भएका छन् भने कक्षा-९ बाट मधु आले मगर प्रथम, रिजन मान्नधर द्वितीय र गणेश बिक तृतीय भएका छन् । छात्रातर्फ १ सय मिटर दौडमै कक्षा-५ की रसिमका दाहाल प्रथम, परी सिवाकोटी द्वितीय र आश्रीता बर्तौला तृतीय भएकी छिन् । कक्षा-६ की एलना राजथला प्रथम, आयुश्री कंशकार द्वितीय र साइना खातुन तृतीय भएकी छिन् । कक्षा-७ की रुथ लामा प्रथम, टिना लामा द्वितीय र सुप्रिया श्रेष्ठ तृतीय भएकी छिन् । कक्षा-८ की कृषा बानियाँ प्रथम, संस्कृति गिरी द्वितीय र प्रविसा अधिकारी तृतीय भएकी छिन् ।

कक्षा-९ की निस्मा गौतम प्रथम, परिधी वैद्य द्वितीय र निशिका जोशी तृतीय भएकी छिन् । २ सय मिटर दौडमा छात्रतर्फ कक्षा-६ आयुष विक प्रथम, मोहित अधिकारी द्वितीय र रोयन लामा तृतीय भएका छन् । कक्षा-७ का असिफ सिद्धिकी प्रथम, आदित्य न्यौपाने द्वितीय र रासिक मोहमद तृतीय भएका छन् । कक्षा-८ बाट पंकज चौधरी प्रथम, सुवास घलान द्वितीय र अर्यान लामा तृतीय भएका छन् ।

कक्षा-९ का मधु आलेमगर प्रथम, गणेश गिरी द्वितीय र रिजन मान्नधर तृतीय भएका छन् । कक्षा-८ बाट छात्रातर्फ कृषा बानियाँ प्रथम, प्रविसा अधिकारी द्वितीय र संस्कृति गिरी भएकी छिन् । कक्षा-९ बाट निश्मा गौतम, निशिका जोशी द्वितीय र परिधी वैद्य तृतीय भएकी छिन् ।

# दुई महिनामै साढे ५ गुणा बढ्यो सोयाबिन तेल निर्यात

काठमाडौं, ७ माघ/ सोयाबिन तेल निर्यात दुई महिनामै साढे ५ गुणाले बढेपछि चालु आर्थिक वर्ष २०८१/८२ पहिलो ६ महिनामा निर्यात वृद्धि उत्साहजक देखिएको छ ।



यो आव पहिलो चार महिना (कात्तिक मसान्त) सम्म नेपालबाट ३ अर्ब ४१ करोडको सोयाबिन तेल निर्यात भएको थियो । तर, मंसिर र पुसमा मात्रै निर्यात ५.५५ गुणाले बढेर १८ अर्ब ९१ करोड पुगेको छ ।

भारतले गत सेप्टेम्बर १३ मा कच्चा तथा प्रशोधित खानेतेल आयातमा उच्च दरले भन्सार महसुल बढाएको थियो । भारतले कच्चा तेलको भन्सार २० प्रतिशतले बढाएर २७.५ प्रतिशत पुऱ्याएको थियो भने प्रशोधित तेलमा ३५.७५ प्रतिशत भन्सार लाग्ने बनाएको थियो । त्यसो भएपछि खासगरी दक्षिण-पूर्वी एसियाली देश मलेसिया, इन्डोनेसिया लगायतबाट पाम तथा सोयाबिन तेल आयात करिब बन्द भएको छ ।

नेपालमा ३० प्रतिशत मूल्य अभिवृद्धिसहित उत्पादन भएको औद्योगिक वस्तु भारत निर्यात गर्दा कुनै पनि भन्सार तिर्नुपर्दैन । यो सुविधाका कारण तेस्रो मुलुकबाट कच्चा तेल आयात गरी त्यसको प्रशोधनपछि भारत निर्यात हुन थालेको छ । भारतले अन्य देशलाई भन्सार दर नबढाउँदा थोरै मात्रामा खाने तेल निर्यात हुँदै आएकोमा त्यसपछि भने तीव्र बढेको हो ।

सोयाबिन मात्रै होइन, यस अवधिमा सूर्यमुखी तेल निर्यात पनि उच्च दरमा बढेको छ । कात्तिक मसान्तसम्म १ अर्ब ५० करोडको सूर्यमुखी तेल निर्यात भएकोमा पुस मसान्तमा ४ अर्ब ९८ करोड रुपैयाँ पुगेको छ । यो तेल निर्यात यसरी बढ्नुको मुख्य कारण पनि भारतको भन्सार नीति नै हो । त्यसैगरी घिउ-तेल निर्यात २५ अर्ब १३ करोड पुगेको छ ।

भारतले आफ्ना उद्योगलाई संरक्षण गर्न ल्याएको नीतिबाट नेपाली उद्योगीले पनि लाभ पाएको साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भाइरोमेन्ट (सावती) का कार्यकारी निर्देशक डा. पारश खरेलले बताए ।

भारतले तेलको भन्सार बढाएको दुई महिनापछि नेपालबाट सामान तयार भएर भारत जान थालेको देखिएको उनले बताए ।

'अवसर पाए भने नेपालीले त्यसको उपयोग छिट्टै नै गर्न सक्छन् भन्ने यसबाट देखिएको छ,' उनले भने । नेपालबाट द्विपक्षीय व्यापार सम्झौता र साफ्टा सम्झौता अन्तर्गत सोयाबिन तेल भारत निर्यात भइरहेको उनले बताए ।

'नेपालमा कच्चापदार्थ आयात गरेर उत्पादन गर्दा यहाँ प्रयोग हुने बिजुली, कामदारको ज्याला तथा उद्योगले राख्ने नाफासमेत जोडेर मूल्य अभिवृद्धि गणना हुन्छ, त्यसो हुँदा ३० प्रतिशत मूल्य अभिवृद्धि भएर निर्यात हुनुलाई अन्यथा मान्न सकिन्न,' उनले भने ।

चालु आव पहिलो ६ महिना नेपालबाट कुल ९८ अर्ब ७९ करोडको निर्यात भएकोमा घिउ-तेल निर्यातले त्यसको एक चौथाइभन्दा बढी हिस्सा ओगटेको छ । नेपालबाट निर्यात हुने सूचीको दोस्रो नम्बरमा चिया, कफी, त्यसमा लाग्ने मसला लगायत छ, जसको निर्यात ८ अर्ब २४ करोड रुपैयाँ पुगेको छ । त्यसमध्ये पुस मसान्तसम्म कुल अलैंची निर्यात ४ अर्ब ५७ करोड पुगेको छ ।

त्यसैगरी कालो चिया निर्यात २ अर्ब ९७ करोड बराबर पुगेको छ । धागो ६ अर्ब ८५ करोड, कार्पेट ६ अर्ब २५ करोड, आइरन एन्ड स्टिल ६ अर्ब ८५ करोड, काठ तथा काठका सामान ४ अर्ब ८० करोड र तयारी पोसाक निर्यात ४ अर्ब १ करोड पुगेको छ ।

(स्रोत: अनलाइनखबर)

# बागमतीमा सहिद दिवस मनाउन समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ बागमती प्रदेशको राजधानी हेटौंडामा सहिद दिवस मनाउन मूलसमारोह समिति गठन गरिएको छ । सोमबार बागमती प्रदेश आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेको अध्यक्षतामा बसेको सर्वदलीय बैठकबाट सहिद दिवस मनाउन मूलसमारोह समिति गठन गरिएको हो ।

बैठकले यही माघ १४, १५ र १६ गते विभिन्न कार्यक्रमको आयोजना गरी भव्यरुपमा मनाउन कानुनमन्त्री एवम् सरकारका प्रवक्ता समेत रहेका लामिछानेको संयोजकत्वमा ७४ सदस्यीय मूलसमारोह समितिको गठन गरेको आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले जानकारी दिए । सचिव दर्जीका अनुसार, बैठक माघ १४ गते प्रदेशको विभिन्न जिल्लामा सार्वजनिकस्थल, विद्यालय, स्थानीय बजारलगायत हेटौंडास्थित विभिन्न मन्त्रालय एवम् नगर क्षेत्रमा सरसफाई गर्ने तथा राष्ट्रिय झण्डा फरफराउने निर्णय गरेको छ ।

यसैगरी, माघ १५ गते प्रदेशका १३ जिल्लामा स्वास्थ्य शिविरको आयोजना गर्ने, जिल्लाको सबै विद्यालयमा शहिदको योगदान सम्बन्धी विषयमा निबन्ध प्रतियोगिता आयोजना गर्ने निर्णय बैठकले गरेको सचिव दर्जीले बताए । यसैगरी, माघ १६ गते सहिद दिवसको उपलक्ष्यमा हेटौंडा उपमहानगरपालिका वडा नं. ११ शहिदस्मारकमा बिहान प्रभातफेरीका साथ सहिदको प्रतिमामा श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रमको आयोजना गर्ने आजको सर्वदलीय बैठकले निर्णय गरेको उनले बताए ।

# विद्यार्थीलाई न्यानो कपडा



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुरको मनहरी गाउँपालिका-२ का प्रकाश स्याङ्तानले आफ्नो जन्मदिनको अवसरमा एक विद्यालयलाई न्यानो कपडा (स्वेटर) सहयोग गरेका छन् ।

सोमबार मनहरी-२, भुन्द्रुङटाँडीस्थित सीता माध्यमिक विद्यालयमा अध्ययनरत् कक्षा १ देखि ५ सम्मका करिब ४० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको हो । स्याङ्तान हाल दक्षिण कोरियामा छन् । पढ्नकै लागि पर्सा जिल्लाको सिमाना मनहरीको भिमानदेखि करिब ३ घण्टा हिँडेर आउनुपर्ने विद्यार्थीलाई लक्षित गरी साथी सन्देश थिङमार्फत् विद्यालयलाई आफूले स्वेटर सहयोग गरेको बताए ।

जन्मदिनमा केक काटेर वा अन्य खर्च गर्नुभन्दा साना भाइ बहिनीलाई मदत गर्ने लक्ष्य बोकेर आफूले सक्दो सहयोग गरेको उनको भनाई छ । सानो छँदा विद्यालयमा पढ्न आफूले गर्नुपरेको संघर्ष र अन्य साथीहरुको पनि बाध्यता र संघर्ष देखेका उनले विद्यार्थीलाई थोरै भएपनि सहयोग गर्न पाएको भन्दै खुसी व्यक्त गरे । स्याङ्तान आफैंले पनि सोही विद्यालयमा कक्षा ८ सम्म अध्ययन गरेका थिए ।

सो क्रममा बोल्दै विद्यालयका अध्यक्ष राजकुमार थिङले जन्मदिनमा सामाजिक कार्यमा जोड दिने स्याङ्तानबाट अहिलेका युवाले पाठसिक्न सकिने बताए । साथै उनले स्याङ्तानलाई धन्यवाद दिँदै आगामी दिनमा पनि यस्तैखाले सहयोगको अपेक्षा राखेको बताए । विद्यालयका प्रधानाध्यापक दुधलाल घलानको सभाध्यक्षतामा सम्पन्न भएको स्वेटर हस्तान्तण कार्यक्रम विद्यालयका अध्यक्ष थिङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

स्वेटर हस्तान्तरण कार्यक्रममा नेपाल आदिवासी जनजाति पत्रकार संघ (फोनिज) मकवानपुरका उपाध्यक्ष सन्देश थिङ, तामाङ पत्रकार संघ मकवानपुर सचिव भुवन घलान, सहसचिव रबिन्द्र वाईबा, संचारकर्मी बिशाल राई, चन्द्र घलान, शिक्षक बिशाल घलान, पबित्रा पोखेल लगायतको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा ट्राफिकको 'शुभयात्रा अभियान'



साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ मकवानपुर ट्राफिक प्रहरीले शुभयात्रा अभियान सुरु गरेको छ । शुभयात्रा अभियान यसअघि चितवनबाट सुरु भएको थियो । अभियानअन्तर्गत् दुई पाङ्ग्रे सवारी चालकलाई हेलमेट लगाउन, मादकपदार्थ सेवन गरेर सवारी नचलाउन सचेतना प्रदान गर्नेछ ।

सवारीदुर्घटना न्यूनीकरणका लागि ल्याइएको 'शुभयात्रा अभियान' जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले पनि आइतबारबाट सुरु गरेको हो । जिल्लामा हुने दुर्घटनामा मोटरसाइकलको संलग्नता बढी हुने गरेकाले मोटरसाइकल चालकलाई सुरक्षित यात्रागर्न प्रोत्साहित गर्ने उद्देश्यले यो अभियान थालिएको मकवानपुर ट्राफिक प्रहरीप्रमुख प्रहरीनिरीक्षक केशव अधिकारीले जानकारी दिएका छन् ।

यस अभियानमा मकवानपुरका ट्राफिक प्रहरीले मोटर साइकल चालकलाई यात्राको शुभकामना दिँदै सुरक्षित यात्राका लागि सचेत गराउँछन् । 'शुभयात्रा मात्र नभनी नमस्कार, आरामै चलाउनुहोस्, पछिल्लो समय मोटरसाइकल दुर्घटना बढेकाले तपाईंहरुको विवरण राख्दै सुरक्षित यात्राको कामना गर्दछौं भन्दै ट्राफिक प्रहरीले चालकलाई सचेत गराउने छन्' उनले भने ।

# कोखारी टोल पूर्णसरसफाई उन्मुख टोल घोषणा




साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ खानेपानी तथा सरसफाईमा तोकिएका सूचकको पालना गर्दै मकवानपुरको राक्सिराङ गाउँपालिका-९ स्थित कोखारीटोललाई पूर्णसरसफाईउन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोलको घोषणा गरिएको छ । ४२ घरधुरी रहेको टोललाई पूर्णसरसफाईउन्मुख घोषणा गरिएको हो ।

नेपाल ग्रामीण पुनर्निमाण संस्था (आरआरएन) द्वारा डब्लूएचएचको सहयोगमा राक्सिराङ गाउँपालिकाले सरसफाईउन्मुख तथा सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरेको हो । मकवानपुर जिल्लाको पहाडी क्षेत्रमा खानेपानी सरसफाई तथा स्वच्छता प्रणालीको सुद्धीकरण र व्यवहार परिवर्तन परियोजनाअन्तर्गत आरआरएनले मकवानपुरको राक्सिराङ र कैलाशमा अभियान चलाएको थियो । सो क्रममा गाउँपालिका कार्यालयसँग सहकार्यमा टोलमा खानेपानी र स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको थियो ।

घोषणाका लागि स्वच्छ र सफा घरका सूचकको निर्धारण गरी सो सूचक पूरा गर्नका लागि काम गरिएको थियो । घरमा प्रयोगकर्तामैत्री तथा सुरक्षित चर्पीको प्रयोग, प्रयाप्त पानीसहित चर्पीमा सरसफाई सामग्री भएको, खुलास्थानमा दिशा नभएको, बच्चाको दिसाको सही सदुपयोग भएको हुनुपर्ने सूचकमा उल्लेख छ । साथै बच्चालाई फोहोरबाट टाढा राखी सरसफाई गरेको अवस्था, आधार भूत स्तरको खानेपानीमा सबैको पहुँच भएको, पानी सुद्धीकरण गरेर पिउने गरेको, घरको भान्छा सफा तथा सिलौटा छोपेर राखेको, भाडा सुकाउने र राख्ने ऱ्याकचाङको व्यवस्था भएको, कुहिने र नकुहिने फोहोर छुट्याउने र उचित व्यवस्थापन गर्ने गरेको लगायत डेढ दर्जनभन्दा बढी सूचक निर्धारण गरी पूर्णपालना भएपछि पूर्ण सरसफाई उन्मुख र स्वच्छ सुरक्षित खानेपानीयुक्त टोल घोषणा गरिएको गाउँपालिकाले जनाएको छ ।

शनिबार राक्सिराङ-९ की वडासदस्य शान्ता अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष राजकुमार मल्लको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौला, आरआएनका कार्यक्रम व्यवस्थापक निराजन पोखरेल, कार्यक्रम संयोजक लिल कार्कीलगायत जनप्रतिनिधि र स्थानीयको उपस्थिति रहेको थियो । आरआरएनको सहकार्यमा यसअघि कैलाश गाउँपालिकाको पनि ४ वटा टोललाई पूर्णसरसफाई उन्मुख टोल घोषणा गरिसकेको छ ।

# ६ महिनामा ३ अर्ब बढी राजस्व संकलनघ




साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ आन्तरिक राजस्व कार्यालय हेटौंडाले चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनाको अवधिमा तीन अर्ब १९ करोड छ लाख राजस्व संकलन गरेको छ । यो लक्ष्यको ८० दशमलव २९ प्रतिशत संकलन भएको हो ।

कार्यालयप्रमुख युक्तप्रसाद सुवेदीका अनुसार चालु आव २०८१/८२ को छ महिनाको अवधिमा तीन अर्ब ९७ करोड ३७ लाख ७२ राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा तीन अर्ब १९ करोड छ लाख २२ हजार राजस्व संकलन भएको छ । गत साउनदेखि पुस महिनासम्मको अवधिमा अन्तशुल्कतर्फ एक अर्ब ८३ कारेड ९३ लाख १८, आयकरतर्फ ५६ करोड ८१ लाख १५ हजार, मूल्य अभिवृद्धि करतर्फ ४२ करोड ५९ लाख ८३ हजार, स्वास्थ्य जोखिम करतर्फ ३० करोड ३५ लाख ७५ हजार, ब्याजकरतर्फ चार करोड ४३ लाख ८८ हजार र बहालकरतर्फ ९२ लाख ४२ हजार राजस्व संकलन भएको प्रमुख सुवेदीले बताए ।

यो अघिल्लो आर्थिक वर्ष २०८०/८१ को सो अवधिको तुलनामा २८ करोड भन्दा बढी राजस्व संकलन भएको हो । अघिल्लो आव २०८०/८१ को सो अवधिमा चार अर्ब १४ करोड ३० लाख ९५ हजार राजस्व संकलन गर्ने लक्ष्य रहेकोमा लक्ष्यको ७० दशमलव ७५ प्रतिशत अर्थात दुई अर्ब ९३ करोड १३ लाख ६३ हजार राजस्व संकलन भएको थियो । प्रमुख सुवेदीका अनुसार चालु आव २०८१/८२ मा आठ अर्ब ४४ करोड राजस्व संकलन गर्ने वार्षिक लक्ष्य छ । कार्यालयमा आयकरतर्फ ३३ हजार पाँच सय ९६, मूल्यअभिवृद्धितर्फ पाँच हजार आठ सय ४९, अन्तशुल्कतर्फ एक हजार पाँच सय ९८, विथहोल्डतर्फ सात सय ११ र व्यक्तिगततर्फका ८१ हजार आठ सय १२ करदाता रहेका छन् ।

# लागूऔषध ओसारपसारको आरोपमा दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ७ माघ/ पूर्व-पश्चिम राजमार्गअन्तरगत मकवानपुरको हेटौंडा उपमहानगर पालिका-१९, दीपज्योति डाँडाबाट अवैध लागूऔषध गाँजासहित आइतबार दिउँसो दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेहरुमा पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ दोहोरी बस्ने ४२ वर्षीय सुरेश दासथारु र पर्सागढी नगरपालिका-२ बागबना बस्ने २९ वर्षीय अर्जुन महतोथारु रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरुलाई ईलाका प्रहरी कार्यालय नेवारपानीबाट खटिएको प्रहरीले ११ किलो लागूऔषध गाँजासहित पक्राउ गरेको हो ।

प्रहरीका अनुसार, नारायणगढबाट रौतहट जाँदै गरेको लु.१ख ७३९५ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार सुरेशलाई ५ किलो ५ सय ६० ग्राम र अर्जुनलाई ५ किलो ४ सय ४० ग्राम गाँजासहित पक्राउ गरिएको हो ।

पक्राउ परेका उनीहरु माथि प्रहरीले आवश्यक अनुसन्धानका साथै कानूनी प्रक्रिया अगाडि बढाइएको छ ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर, नेपाल

## सूचना संशोधन सम्बन्धमा

मिति २०८१/१०/०२ गते यस पशु सेवा कार्यालयबाट प्रकाशन गरिएको शिलबन्दी दरभाउपत्रको सूचनामा संशोधन गरि दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८१/१०/१८ गते सम्म तथा शिलबन्दी दरभाउपत्र कार्यालयमा दर्ता गर्ने अन्तिम मिति २०८१/१०/२० गते दिनको १२:०० बजे सम्म कायम गरिएको सूचना सबैका जानकारीका लागि प्रकाशन गरिएको छ ।

विस्तृत जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयको टेलिफोन नं ०५७-४१२५७१ मा सम्पर्क गर्न सकिने छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना